नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक १४९ ● २०८३ साल वैशाख ०५ गते शनिबार ● Saturday 18, April 2026 ● सूर्योदयः बिहान ०५:३९ बजे ● सूर्यास्तः साँझ ०६:३० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

## पर्साको तीन पालिका प्रमुख परिवर्तन

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा जिल्लाका १४ वटा पालिका मध्ये तीन पालिकामा प्रमुख प्रशासकीय अधिकृत परिवर्तन गरिएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पोखरिया नगरपालिका, बहुदरमाई नगरपालिका र कालिकामाई गाउँपालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृत खटाएको हो।
मन्त्रालयले पोखरिया नगरपालिकामा उपसचिव शेखर पौड्याललाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीसहित पठाएको छ। पोखरीयामा यसअघि यहाँ निमित्त प्रमुख प्रशासकीय अधिकृतको रूपमा कौशल झा कार्यरत थिए। त्यसैगरी बहुदरमाई नगरपालिकामा उपसचिव रमेश अधिकारीलाई खटाइएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा कार्यरत अधिकारीलाई बहुदरमाई पठाइएको हो। यहाँ यसअघि प्रमुख प्रशासकीय अधिकृतका रूपमा वृजकिशोर प्रसाद कार्यरत थिए। यस्तै, कालिकामाई गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रूपमा केशव कुमार अधिकारीलाई पठाइएको छ। यहाँ कार्यरत रहेका राज कुशवाहालाई गृह मन्त्रालय अन्तर्गत सरुवा गरिएको छ भने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा रहेका अधिकारीलाई कालिकामाईमा जिम्मेवारी दिइएको हो।

# एक वर्षमै स्थानीय सेवा ऐन पुनर्लेखनको बाध्यतामा मधेश सरकार




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश सरकारले ठूलो अपेक्षासहित ल्याएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ कार्यान्वयनमा आएको एक वर्ष नपुग्दै पुनः लेख्ने निर्णयतर्फ अघि बढेको छ।
सुरुवातमा सामान्य संशोधनबाटै समस्या समाधान हुने आकलन गरिएको भए पनि पछिल्लो कानुनी अध्ययनले ऐनका आधारभूत पक्षमै कमजोरी रहेको देखाएपछि सरकार पूर्ण पुनर्लेखनको निष्कर्षमा पुगेको हो।
प्रारम्भिक चरणमा अन्तर प्रदेश सरुवा, स्वास्थ्य सेवा समूहका कर्मचारीको बढुवा तथा व्यवस्थापनसँग सम्बन्धित केही प्रावधान सुधार गर्ने उद्देश्यले मस्यौदा तयार पारिएको थियो। उक्त मस्यौदा मुख्यन्यायाधिवक्ताको कार्यालयमा पठाइएपछि गरिएको विस्तृत अध्ययनले ऐन समग्रमै अपूर्ण र अस्पष्ट रहेको औंल्यायो।
मुख्यन्यायाधिवक्ता डा. सुनिलरञ्जन सिंहका अनुसार ऐन निर्माणका क्रममा धेरै महत्वपूर्ण विषय छुटेका छन्। सामाजिक परिचालिका जस्तो संरचना समेटिन नसक्नु, कर्मचारी व्यवस्थापनको स्पष्ट आधार नहुनु तथा सरुवा–बढुवामा विवाद निम्त्याउने प्रावधानहरू ऐनका प्रमुख कमजोरीका रूपमा देखिएका छन्।
ऐन लागू भएसँगै यिनै कमजोरी सतहमा देखिन थालेका थिए। कर्मचारीहरू सरुवा र बढुवाको विषयलाई लिएर आन्दोलनमा उत्रिएका थिए, जसलाई तत्कालीन सरकारले आश्वासनमार्फत नियन्त्रणमा लिएको थियो। तर, समस्या दीर्घकालीन रूपमा समाधान हुन सकेन।
स्थानीय तहमा कर्मचारी पदपूर्ति, सेवा सर्त र पदोन्नति प्रक्रियामा अन्योल बढ्दै जाँदा सेवा प्रवाहसमेत प्रभावित भएको बताइन्छ। यसले ऐनको प्रभावकारितामाथि थप प्रश्न उठाएको छ। मुख्यमन्त्री कार्यालयका प्रवक्ता रोहित कोइरालाले पुनर्लेखनको मस्यौदा तयार भइसकेको र छिट्टै मन्त्रिपरिषद्मा पेश गरिने जानकारी दिएका छन्। उनका अनुसार ऐनलाई व्यवहारिक र कार्यान्वयनयोग्य बनाउन पुनः संरचना गर्न आवश्यक देखिएको हो।
तर कानुन व्यवसायी रक्षा राम भने यस अवस्थालाई नीति निर्माण प्रक्रियाकै कमजोरीको परिणामका रूपमा हेर्छन्। उनका अनुसार पर्याप्त अध्ययन, सरोकारवालासँगको संवाद र गहिरो बहसबिना ऐन निर्माण गरिनु अहिलेको समस्याको मूल कारण हो। उनले कानुन निर्माणलाई बहुपक्षीय सहभागिता र विश्लेषणमा आधारित हुनुपर्ने बताउँदै अहिले देखिएको समस्या केवल भाषागत नभई संरचनागत रहेको औंल्याएका छन्।
एक वर्षभित्रै ऐन पुनर्लेखन गर्नुपर्ने अवस्था आउनु मधेश प्रदेश सभा र सरकार दुवैको कार्यसम्पादनमाथि प्रश्न उठाउने विषय बनेको छ। अब पुनर्लेखन प्रक्रियामा सरकार कत्तिको गम्भीर बन्छ, कत्तिको व्यापक छलफल गर्छ र व्यवहारिक कानुन ल्याउन सफल हुन्छ भन्ने कुराले मधेश प्रदेशको प्रशासनिक स्थायित्व र सेवा प्रवाहको भविष्य तय गर्ने देखिएको छ।

## १०० रुपैयाँभन्दा बढी सामानमा भन्सार शुल्कः
# खारेजको माग गर्दै आन्दोलनको चेतावनी



**मधेशदृष्टि**
**वीरगंज।**
भारतबाट १०० रुपैयाँभन्दा बढी मूल्यका सामान ल्याउँदा भन्सार तिर्नुपर्ने प्रावधान खारेज गर्न जेनजी पर्साले माग गरेको छ। सीमावर्ती क्षेत्रमा लागू गरिएको उक्त नियमले सर्वसाधारणलाई सास्ती दिएको भन्दै संगठनले शुक्रबार पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई ध्यानाकर्षणपत्र बुझाएको हो।
केही दिनयता वीरगंजसहितका नाकामा सुरक्षाकर्मी र भन्सार कर्मचारीले भारतीय बजारबाट घरायसी प्रयोजनका लागि किनमेल गरी फर्किएका नेपालीसँग १०० रुपैयाँभन्दा बढी मूल्यका सामानमा अनिवार्य भन्सार असुल्न थालेपछि विवाद चुलिएको छ। नयाँ सरकार गठनसँगै लागू गरिएको भनिएको यो व्यवस्था प्रति सर्वत्र असन्तुष्टि र विरोध देखिएको छ।
जेनजी पर्साका अनुसार उक्त प्रावधानले पर्सा मात्र नभई समग्र मधेश क्षेत्रका सीमावासीलाई प्रत्यक्ष असर पारेको छ। नेपाल–भारतबीच दशकौंदेखि कायम सामाजिक, सांस्कृतिक र पारिवारिक सम्बन्ध (बेटी–रोटी) लाई समेत यसले प्रभावित बनाएको संगठनको भनाइ छ।
संयोजक महादेवप्रसाद कुर्मीका अनुसार सीमावर्ती क्षेत्रमा दैनिक उपभोग्य सामग्री किनमेल गर्ने सर्वसाधारणमाथि कडाइ गर्दै कर असुल्नु अव्यवहारिक मात्र होइन, जनजीवनसँग प्रतिकूल पनि छ। उनले सुशासन र परिवर्तनको नारामा बनेको वर्तमान सरकारबाट सहजता अपेक्षा गरिएपनि सीमावर्ती मधेशका नागरिकमाथि विभेदपूर्ण व्यवहार भइरहेको आरोप लगाए।
संगठनले तस्करी नियन्त्रण राज्यको दायित्व भएपनि त्यसको बहानामा सर्वसाधारणलाई दुःख दिनु उचित नहुने स्पष्ट पारेको छ। वीरगंजजस्तो खुला सीमामा संगठित तस्करी रोक्न ध्यान नदिई सामान्य नागरिकमाथि कर थोपर्नु स्वीकार्य नभएको जेनजी पर्साको धारणा छ।
केही दिनयता भन्सारमा राजस्व चुहावट रोक्ने नाममा लागू गरिएको कडाइ तत्काल फिर्ता लिनुपर्ने माग गर्दै संगठनले चेतावनी दिएको छ। यदि यो व्यवस्था खारेज नगरिए वीरगंज नाका बन्दलगायतका आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुने।

## मधेशमा भारतको विकास साझेदारी विस्तारः
# ८९ परियोजना सञ्चालन, धनुषामा मात्र २१



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा भारत सरकारको विकास सहयोग उल्लेखनीय रूपमा विस्तार हुँदै गएको छ। भारतीय पक्षका अनुसार हाल प्रदेशभरि कुल ८९ वटा परियोजना विभिन्न क्षेत्रमा सञ्चालनमा रहेका छन्, जसमा धनुषा जिल्लामा मात्रै २१ वटा परियोजना केन्द्रित छन्।
भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्य दूत देवी सहाय मीनाले धनुषाको बटेश्वर गाउँपालिका–३ स्थित श्री जनशक्ति माध्यमिक विद्यालयको भवन शिलान्यास कार्यक्रममा बोल्दै यस्तो जानकारी दिएका हुन्।
उनका अनुसार मधेश प्रदेशमा स्वीकृत ८९ परियोजनामध्ये ६१ वटा सम्पन्न भइसकेका छन् भने २८ वटा निर्माणाधीन अवस्थामा रहेका छन्। क्षेत्रगत रूपमा हेर्दा शिक्षा क्षेत्रमा सबैभन्दा धेरै ५४ परियोजना कार्यान्वयनमा छन्।
त्यसपछि सडक तथा पुलमा ८, स्वास्थ्य क्षेत्रमा ७, विद्युतीकरणमा ५, संस्कृति क्षेत्रमा ३, सिँचाइमा २ र नदी तटबन्धसम्बन्धी १ परियोजना रहेका छन्। बाँकी ९ परियोजना अन्य क्षेत्रमा फैलिएका छन्।
धनुषामा सञ्चालित २१ परियोजनामध्ये १३ वटा सम्पन्न भइसकेका छन् भने ८ वटा निर्माणको चरणमा छन्। यसले जिल्लालाई विकास सहयोगको मुख्य केन्द्रका रूपमा देखाएको छ।
भारत सरकारले मधेश प्रदेशमा हालसम्म २३२ एम्बुलेन्स र ४० वटा स्कुल बस उपलब्ध गराइसकेको जनाएको छ। तीमध्ये धनुषाले मात्र ४६ एम्बुलेन्स र ११ स्कुल बस प्राप्त गरेको तथ्यांक प्रस्तुत गरिएको छ।
कार्यक्रममा बोल्दै महावाणिज्य दूत मीनाले नेपाल–भारत विकास साझेदारी बहुआयामिक र दीर्घकालीन रहेको उल्लेख गरे। उनका अनुसार यस्ता परियोजनाले शिक्षा, स्वास्थ्य र पूर्वाधार क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्दै स्थानीय स्तरमा जीवनस्तर सुधार गर्न मद्दत गरिरहेका छन्।
स्थानीय जनप्रतिनिधिहरूले पनि भारतीय सहयोगले विशेषगरी ग्रामीण क्षेत्रमा सेवा पहुँच विस्तार भएको बताएका छन्। विद्यालय भवन निर्माण, एम्बुलेन्स तथा स्कुल बस उपलब्धताजस्ता कार्यक्रमले शिक्षा र स्वास्थ्य सेवामा सकारात्मक परिवर्तन ल्याएको उनीहरूको भनाइ छ।
समग्रमा, यी परियोजनाहरूले मधेश प्रदेशको विकासमा मात्र नभई नेपाल–भारतबीचको जनस्तरको सम्बन्धलाई समेत थप सुदृढ बनाइरहेको देखिन्छ।

## अब अस्पतालमा पनि दुईदिन बिदा
## आकस्मिक सेवा भने २४ घण्टा सञ्चालनमा



**मधेशदृष्टि**
**वीरगंज।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अबदेखि अस्पतालहरूमा पनि हप्तामा दुईदिन सार्वजनिक बिदा लागू गर्ने निर्णय गरेको छ। शुक्रबार जारी सूचनाअनुसार राजपत्रमा चैत २२ गते प्रकाशित व्यवस्था कार्यान्वयनमा ल्याउँदै शनिबार र आइतबार सार्वजनिक बिदा दिने व्यवस्था सुरु गरिएको हो।
यस निर्णयसँगै वीरगंजस्थित नारायणी अस्पतालमा पनि उक्त व्यवस्था लागू हुने भएको छ। यसअघि सरकारी कार्यालय र विद्यालयहरूमा मात्र दुई दिने बिदा लागू गरिएको भए पनि अस्पतालहरू भने यसबाट बाहिर राखिएका थिए।
मन्त्रालयले स्वास्थ्यकर्मीहरूको हित र मनोबललाई ध्यानमा राख्दै यो निर्णय गरिएको स्पष्ट पारेको छ। यद्यपि, बिरामीको उपचारमा कुनै अवरोध नआओस् भन्ने उद्देश्यले अन्तरंग (इनडोर) तथा आकस्मिक सेवाहरू भने चौबिसै घण्टा निरन्तर सञ्चालनमा रहने जनाइएको छ। आइतबारका लागि पूर्वनिर्धारित शल्यक्रियाहरू बिरामीको सुविधा हेरी पुनः तालिका मिलाइने पनि मन्त्रालयले उल्लेख गरेको छ।
साथै, बिदाका दिनमा पनि बिरामीहरूले आवश्यक सेवा सहज रूपमा पाउन सकून् भनेर अस्पतालहरूलाई अधिकतम सेवा उपलब्ध गराउन निर्देशन दिइएको छ। यदि कुनै सेवा उपलब्ध नभएमा नजिकको उपयुक्त अस्पतालमा सहज रेफर गर्ने र एम्बुलेन्स सेवा सधैँ तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउन पनि मन्त्रालयले आग्रह गरेको छ।




## अमृत झा इरानबाट रिहा भएको दाबी
# परिवार अझै अनभिज्ञ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
इरानमा पक्राउ परेका नेपाली नागरिक अमृत झा रिहा भएको सरकारी दाबी आए पनि उनी अझै परिवारको सम्पर्कमा नआउँदा अन्योल झन् बढेको छ।
परराष्ट्र मन्त्री शिशिर खनालले वैशाख २ गते राति सामाजिक सञ्जाल मार्फत झा रिहा भएको जानकारी दिएका थिए। उनले इरानस्थित मानार्थ महावाणिज्य दूतावास र कतारस्थित नेपाली दूतावासले उनीसँग सम्पर्कमा रहेको तथा नेपाल फर्काउने प्रक्रिया अघि बढिरहेको बताएका थिए।
यसैबीच परराष्ट्र मन्त्रालयले पनि विज्ञप्ति जारी गर्दै तेहरानस्थित मानार्थ कन्सुलर जनरलमार्फत झाको रिहाइबारे अनौपचारिक जानकारी प्राप्त भएको जनाएको छ। मन्त्रालयले रिहाइसम्बन्धी औपचारिक विवरण माग गरिएको र आवश्यक प्रक्रिया पूरा गरी नेपाल फर्काउने पहल भइरहेको स्पष्ट पारेको छ।
तर सरकारी दाबी आएको दुई दिन बितिसक्दा पनि झा परिवारको सम्पर्कमा नआएको उनका आफन्तहरूले बताएका छन्। झाकी दिदी पूजा झाले रिहाको खबरले सुरुमा राहत महसुस भए पनि अहिलेसम्म कुनै प्रत्यक्ष सम्पर्क नभएको बताइन्। 'रिहा भएको सुन्दा खुसी लाग्यो, तर अहिले पनि कहिले फर्किन्छ भन्ने थाहा छैन,' उनले भनिन्।
परिवारका अनुसार रिहाको खबर आउनुअघि झासँग अन्तिम पटक कुराकानी भएको थियो। त्यसबेला उनले आफू सुरक्षित रहेको र चाँडै नेपाल फर्किने बताएका थिए। त्यसपछि भने कुनै सम्पर्क हुन नसकेको जनाइएको छ।
परिवारको तर्फबाट पहल गरिरहेका खेमनारायण यादव (राहुल)ले सरकारको सूचनामाथि नै प्रश्न उठाएका छन्। उनका अनुसार यदि झा रिहा भइसकेका हुन् भने परिवारलाई आधिकारिक रूपमा जानकारी गराइनुपर्ने थियो। 'रिहा भएको भन्दै प्रचार गर्ने तर परिवारलाई नै जानकारी नदिनु गम्भीर कुरा हो,' उनले गुनासो गरे।
मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले भने झाको रिहाइबारे अनौपचारिक सूचना प्राप्त भएको र नेपाल फर्काउने समन्वय भइरहेको बताएका छन्। उनले सम्बन्धित दूतावासहरूसँग निरन्तर सम्पर्कमा रहेको पनि जानकारी दिए।
साथै, इरानको तेहरान क्षेत्रमा रहेका अन्य १० जना नेपालीलाई सुरक्षित रूपमा स्वदेश फर्काउने तयारीसमेत भइरहेको मन्त्रालयले जनाएको छ।
उदयपुरको त्रियुगा नगरपालिका–११ निवासी ३३ वर्षीय झा इरानस्थित एक कम्पनीमा कार्यरत थिए। इन्धन ढुवानीका क्रममा फर्किने बेला उनलाई इरानी सुरक्षाकर्मीले पक्राउ गरेका थिए। उनको स्थायी ठेगाना महोत्तरी भए पनि परिवार हाल उदयपुरमै बसोबास गर्दै आएको छ। अहिले भने परिवार झाको अवस्थाबारे स्पष्ट जानकारीको प्रतीक्षामा रहेको छ।

# प्रधानमन्त्री कप क्रिकेटको उपाधि त्रिभुवन आर्मी क्लबलाई




**वीरगंज ।**
प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगिताको उपाधि त्रिभुवन आर्मी क्लबले जितेको छ । शुक्रबार वीरगंजको नारायणी रङ्गशालामा भएको फाइनल खेलमा त्रिभुवन आर्मी क्लबले सुदूरपश्चिम प्रदेशलाई पाँच विकेटले पराजित गर्दै उपाधि रक्षा गरेको हो । फाइनल खेलमा पहिलो ब्याटिङ गरेको सुदूरपश्चिम प्रदेशले ३९.४ ओभरमा सबै विकेट गुमाउँदै १६१ रनमा सीमित भएको थियो ।

सुदूरपश्चिमका अशोक धामीले ४६ बल खेल्दै ४३ रन जोडेका थिए । त्यस्तै किरण ठगुन्नाले ४२ बल खेल्दै ३५ रन जोडेका थिए । त्यस्तै, सुदूरपश्चिमका नारायण जोशीले ३४ बल खेल्दै २९ रन जोडे । त्रिभुवन आर्मी क्लबका आकाश चन्द र साहाब आलमले सामान तीन–तीन विकेट लिएका थिए । जवाफी ब्याटिङमा उत्रिएको त्रिभुवन आर्मी क्लबले ३४.३ ओभरमा १६४ रन जोड्दै लक्ष्य पछ्याएको हो । त्रिभुवन आर्मी क्लबका इमरान शेखले ८२ बल खेल्दै ४६ रन जोडे भने बसिर अहमदले पनि ५६ बल खेल्दै ४५ रन जोडे । सुदूरपश्चिमका हेमन्त धामीले दुई विकेट र अशोक धामीले एक विकेट लिएका थिए ।

शुक्रबारको खेलमा त्रिभुवन आर्मी क्लबका बसिर अहमद प्लेयर अफ दी म्याच घोषित हुँदै नगद पाँच हजार रुपैयाँ पुरस्कार प्राप्त गरे । प्रतियोगितामा प्लेयर अफ दी टुर्नामेन्टबाट लुम्बिनी प्रदेशका सन्तोष यादव बने । उनले प्रतियोगिताभरिमा २६५ रन र २१ विकेट लिएका थिए । त्यस्तै, वेष्ट बलरबाट सुदूरपश्चिमका हेमन्त जोशी बने । उनले प्रतियोगितामा २५ विकेट लिएका थिए । त्यस्तै वेष्ट ब्याटरबाट गण्डकी प्रदेशका अर्जुन कुमाल बने । उनले प्रतियोगिताभरिमा ५०४ रन जोडेका थिए । इमर्जिङ प्लेयर मधेस प्रदेशका आशिक बैठा घोषित भएका छन् ।

प्रतियोगिताको विजेता टोली त्रिभुवन आर्मी क्लबले नगद रु १० लाख, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्यो भने उपविजेता बनेको सुदूरपश्चिमले रु पाँच लाख नगद, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्यो । प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपीएफ क्लब र सात प्रदेशका गरी १० टोलीको सहभागिता रहेको छ । रासस

# लहान क्षेत्रमा सडक विस्तारले गति लिँदै



**सिरहा ।**
सिरहाको लहान बजार क्षेत्रमा सडक विस्तारको काम तीव्र पारिएको छ । कञ्चनपुर–कमला चार लेन सडकखण्ड विस्तारअन्तर्गत भइरहेको निर्माणलाई सहज बनाउन लहान नगरपालिकाले 'हाइवे' क्षेत्रमा यात्रु चढाउने र ओराल्ने निश्चित स्थान तोकेको हो । नगरपालिकाले पूर्वतर्फ हुलाक कार्यालय नजिक र पश्चिमतर्फ मुरारका पेट्रोलपम्प अगाडि मात्र बस, म्याजिकलगायत सवारीसाधनले यात्रु चढाउन÷ओराल्न पाउने व्यवस्था गरेको जनाएको छ । यसका साथै, हाइवे क्षेत्रमा सञ्चालनमा रहेका पसलहरू सात दिनभित्र हटाउन सूचना जारी गरिएको छ । बजार क्षेत्रमा लामो समयदेखि ठप्प रहेको सडक विस्तारका लागि चिनियाँ कम्पनी 'चाइना रेलवे नम्बर २ इञ्जिनियरिङ ग्रुप' ले बुधबारदेखि पुनः काम सुरु गरेको हो । विगतमा निर्माणमा भएको ढिलासुस्तीका कारण स्थानीय व्यवसायीले पटकपटक आन्दोलन गरेपछि कामलाई निरन्तरता दिन जिल्ला उद्योग वाणिज्य सङ्घले निर्माण कम्पनी र सरोकार भएका पक्षबीच पटकपटक छलफल गरी सहजीकरण गरेको थियो । सङ्घका अध्यक्ष प्रदीपकुमार गुप्ताले निर्माण पुनःसुरु हुनुलाई सकारात्मक रूपमा लिएको बताउँदै भने, 'लामो समय निर्माण ठप्प हुँदा धुलो र धुवाँका कारण स्थानीय व्यवसायीको व्यापार, व्यवसाय धरासायी बन्दै गएको थियो । सरोकार भएका निकायसँगको निरन्तर छलफलपछि अहिले काम अगाडि बढेको छ । हाम्रो मुख्य चाहना भनेको अब निर्माण यथाशीघ्र सम्पन्न होस् भन्ने हो ।'

अहिले लहान बजारको मुख्य चोकमा 'ओभरपास' निर्माण भइरहेको छ । चिनियाँ कम्पनीले सन् २०२० अक्टोबर २९ देखि निर्माण सुरु गरेको थियो । सडक विस्तार आयोजनाअन्तर्गत कुल ८६ दशमलव ८२ किलोमिटर लामो सडक विस्तार गर्नुपर्ने आयोजना कार्यालयले जनाएको छ । सम्झौताअनुसार सन् २०२३ अक्टोबरभित्र काम सक्नु पर्ने लक्ष्य रहे पनि समयमा सम्पन्न नहुँदा तीन पटक म्याद थप गरिएको छ । हाल अन्तिम समयसीमा सन् २०२६ जुनसम्म पु¥याइएको छ । सडक आयोजना कार्यालयका अनुसार हालसम्म करिब ७० प्रतिशत मात्र काम सम्पन्न भएको छ । रासस

# मधेश सरकार श्रम तथा यातायात मन्त्रालयको ११ बुँदे निर्देशन

**जनकपुरधाम ।**
मधेस प्रदेश सरकारको श्रम तथा यातायात मन्त्रालयले यातायात व्यवस्था कार्यालयहरूको कामलाई छिटोछरितो र प्रभावकारी बनाउन ११ बुँदे निर्देशन जारी गरेको छ । मन्त्रालयले सेवाग्राहीको गुनासो, बिचौलियाको प्रभाव र अव्यवस्थित सेवा प्रणालीलाई नियन्त्रण गर्न सो निर्देशन दिएको हो ।

विभिन्न बहानामा दुःख दिने, फाइल अड्काउनेलगाायत विभिन्न समस्याबाट मुक्त पार्न अब काम लिएर आउने सेवाग्राहीलाई टोकन सिस्टम लागू गर्न सबै यातायात व्यवस्था कार्यालयलाई निर्देशन दिइएको छ । यसका साथै यातायात कार्यालयमा प्रहरीको सहयोगमा 'नो मिडलम्यान जोन' घोषणा गरी बिचौलियाको प्रवेश पूर्ण रूपमा निषेध गरेर सेवाग्राहीलाई सहज वातावरणमा सेवा दिने व्यवस्था गर्ने निर्देशनमा जनाइएको छ ।

मन्त्रालयले हेल्पडेस्क र नागरिक वडापत्र अनिवार्य रूपमा राख्नुपर्ने, सेवाग्राहीका गुनासा तत्काल समाधान गर्न गुनासो पेटिका र फेसबुक पेजमार्फत सुझाव सङ्कलन गर्ने र त्यसको छिटो सम्बोधन गर्ने व्यवस्था मिलाउने मन्त्रालयबाट जारी सूचनामा जनाइएको छ । यसैगरी, सूचनामा पारदर्शिताका लागि कार्यालयको डिस्प्ले बोर्ड, वेबसाइट र सामाजिक सञ्जालमा सूचना अधिकारीको नाम, पद र मोबाइल नम्बर अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्ने निर्देशनमा भनिएको छ ।

सेवा सुधारका लागि मन्त्रालयले कार्यालयको भौतिक व्यवस्थापनमा पनि ध्यान दिएको छ । पिउने पानीको व्यवस्था, दैनिक सरसफाइ (विशेषगरी शौचालय र कार्यालय परिसर) तथा पार्किङ व्यवस्थापन मिलाउन निर्देशन दिइएको छ । त्यसैगरी, प्रत्येक सेवाको समयसीमा निर्धारण गरिने र ढिलासुस्ती गर्ने कर्मचारीमाथि कानुनअनुसार कारबाही गरिने स्पष्ट गरिएको छ ।

सेवाग्राहीको अनुभव मापन गर्न सन्तुष्टि÷असन्तुष्टि सर्वेक्षण फारामसमेत लागू गर्न भनेको छ ।

अबदेखि कार्यालयका प्रत्येक कोठामा नम्बर र सेवा विवरण स्पष्ट देखिनेगरी टाँस्नुपर्ने निर्देशन यातायात कार्यालयहरूलाई दिइएको छ । रासस

# जानकी जन्म महोत्सवको सांस्कृतिक सन्देश

**निरञ्जनकुमार साह**
**जनकपुरधाम ।**
मिथिलाको प्राचीन धार्मिक नगरी जनकपुरधाम पुनः एकपटक आस्था, परम्परा र सांस्कृतिक चेतनाले भरिने तयारीमा छ । प्रत्येक वर्षझैँ यस वर्ष पनि जानकी मन्दिरमा जानकी जन्म महामहोत्सव भव्य रूपमा आयोजना हुँदैछ । यही वैशाख ५ गतेदेखि १२ गतेसम्म सञ्चालन हुने यो महोत्सव केवल धार्मिक अनुष्ठानमा सीमित नरही मिथिला सभ्यताको गहिरो सांस्कृतिक जरा, सामाजिक एकता र आध्यात्मिक ऊर्जा पुनर्जीवित गर्ने अवसरका रूपमा स्थापित हुँदै आएको छ ।



जनकपुरधामका हरेक गल्ली, मठमन्दिर र पोखरीहरूमा धार्मिक इतिहासको सुगन्ध फैलिएको छ, त्यही भूमिमा अवस्थित जानकी मन्दिर यस उत्सवको केन्द्रविन्दु हो । माता जानकी अर्थात् सीताको जन्मभूमिका रूपमा चिनिने यस स्थलमा आयोजना हुने जन्मोत्सवले बर्सेनि हजारौँ श्रद्धालु, साधुसन्त, पर्यटक र सांस्कृतिक अध्येता आकर्षित गर्ने गरेको छ । यस वर्षको महोत्सव पनि त्यही परम्परालाई निरन्तरता दिँदै अझ व्यापक र व्यवस्थित ढङ्गले सम्पन्न गर्ने तयारी गरिएको छ ।

मन्दिरका महन्त राम तपेश्वर दास वैष्णवका अनुसार यो महोत्सव केबल धार्मिक आस्थाको विषयमात्र होइन, मिथिलाको समृद्ध सांस्कृतिक पहिचानलाई जीवन्त राख्ने एउटा महत्वपूर्ण माध्यम हो । उनका अनुसार यस्ता पर्वहरूले समाजलाई एकतामा बाँध्ने, आपसी सद्भाव बढाउने र नयाँ पुस्तालाई आफ्नो मौलिक परम्पराप्रति सचेत गराउने काम गर्छन् । यही भावनालाई आत्मसात् गर्दै महोत्सवको कार्यक्रमहरू तयार पारिएको छ । मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले पनि यस उत्सवले धर्मको सीमाभन्दा माथि उठेर सम्पूर्ण समुदायलाई जोड्ने सेतुको काम गरेको बताउँछन् । उनका अनुसार यस महोत्सवमा सहभागी हुनु केवल धार्मिक कर्तव्यमात्र होइन, सांस्कृतिक जिम्मेवारी पनि हो ।

महोत्सव अवधिभर दैनिक रूपमा विविध धार्मिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गरिनेछन् । प्रत्येक दिन अपराह्न ४:०० बजेदेखि मन्दिर प्राङ्गणमा श्रीराम कथावाचन गरिने कार्यक्रम तय गरिएको छ । यस कार्यक्रममा देश तथा विदेशबाट आएका भक्तजनहरूको उल्लेखनीय उपस्थिति रहने अपेक्षा गरिएको छ । रामकथाले भगवान् राम र माता सीताको जीवनदर्शन, आदर्श र नैतिक मूल्य मान्यताहरूलाई जनमानसमा पुनः स्मरण गराउने विश्वास लिइएको छ ।

त्यस्तै, साँझ ७ः०० बजेदेखि मन्दिरको गर्भगृहमा जन्म बधाई गान तथा विविध सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिनेछन् । यी कार्यक्रमहरूमा मिथिलाको मौलिक झल्को दिने नृत्य, गीत, भजन तथा झाँकीहरू प्रस्तुत गरिनेछन् । विशेषगरी युवापुस्तालाई लक्षित गरी उनीहरूको सक्रिय सहभागितालाई प्राथमिकता दिइएको आयोजकले जनाएको छ । यसले नयाँ पुस्तामा आफ्नो संस्कृति र परम्पराप्रति गर्वको भावना जागृत गराउने अपेक्षा गरिएको छ ।

महोत्सवको अर्को महत्वपूर्ण आकर्षणका रूपमा अखण्ड रामायण पाठ रहनेछ । मन्दिर प्राङ्गणमा सञ्चालन हुने यस पाठमा श्रद्धालुहरू दिनरात सहभागी भई आध्यात्मिक शान्ति र आत्मिक सन्तोष प्राप्त गर्न सक्नेछन् । निरन्तर रूपमा हुने रामायण वाचनले वातावरणलाई भक्तिमय बनाउँदै सहभागीहरूलाई ध्यान र साधनामा केन्द्रित गराउने विश्वास गरिएको छ ।

वैशाख १२ गते महोत्सवको मुख्य दिनका रूपमा विशेष कार्यक्रमहरू आयोजना गरिनेछन् । बिहान ५ः३० बजे दुधमती शाही स्नानका लागि भव्य शोभायात्रा जानकी घाटतर्फ प्रस्थान गर्नेछ । यस शोभायात्रामा बाजागाजा, धार्मिक ध्वजापताका र झाँकीहरूले वातावरणलाई उत्सवमय बनाउनेछन् । शाही स्नानलाई अत्यन्त पवित्र मानिन्छ, जसमा सहभागी हुँदा पापक्षय हुने र पुण्य प्राप्त हुने धार्मिक विश्वास छ । दिउँसो १२ बजे जन्म आरती तथा बधाई गान सम्पन्न हुनेछ । आरतीको दृश्य, घण्टानाद, मन्त्र उच्चारण र भक्तजनहरूको सहभागिताले सम्पूर्ण वातावरण आध्यात्मिक ऊर्जाले भरिनेछ । यो क्षणलाई महोत्सवको चरम बिन्दुका रूपमा लिइन्छ ।

त्यसै दिन अपराह्न ४ः०० बजेदेखि मन्दिरबाट डोला शोभायात्रा निकालिनेछ । यो शोभायात्रा मिथिलाको परम्परागत शैलीमा सजाइनेछ, जसमा विभिन्न झाँकीहरू, लोकनृत्य, बाजागाजा र धार्मिक प्रस्तुतिहरू समावेश हुनेछन् । यसले केवल धार्मिक महत्वमात्र होइन, सांस्कृतिक विविधताको प्रदर्शन पनि गर्नेछ । स्थानीयवासी, कलाकार र विभिन्न सङ्घसंस्थाको सहभागिताले शोभायात्रालाई अझ आकर्षक बनाउने अपेक्षा गरिएको छ । साँझ ७ः३० बजे आयोजना गरिने विशेष आरती तथा दिपोत्सव कार्यक्रममा मन्दिर परिसर हजारौँ दीपहरूले उज्यालो बनाइनेछ, जसले शान्ति, आशा र सकारात्मकताको सन्देश प्रवाह गर्नेछ ।

महोत्सवलाई सफल र व्यवस्थित बनाउन आयोजकहरूले सुरक्षा, सरसफाइ, यातायात तथा श्रद्धालुहरूको सुविधामा विशेष ध्यान दिएका छन् । स्थानीय प्रशासन, सुरक्षा निकाय र विभिन्न स्वयंसेवी संस्थाहरूको सहकार्यमा आवश्यक तयारी तीव्र रूपमा अगाडि बढाइएको छ । भीड व्यवस्थापन, स्वास्थ्य सेवा, खानेपानी र सरसफाइको उचित व्यवस्था मिलाइएको जनाइएको छ ।

स्थानीयवासीहरूमा महोत्सवप्रति उत्साह र उमङ्ग उच्च देखिएको छ । उनीहरूका अनुसार यस्ता पर्वहरूले जनकपुरधामको पहिचानलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् । साथै, यसले स्थानीय अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पार्ने गर्दछ । होटल, यातायात, हस्तकला, खाद्य व्यवसायलगायत विभिन्न क्षेत्रहरूमा चहलपहल बढ्नेछ । मिथिलाको सांस्कृतिक सम्पदा, जसमा मैथिली भाषा, लोककला, परम्परागत पोशाक, विवाह संस्कार र धार्मिक अनुष्ठानहरू समावेश छन्, यस्ता महोत्सवहरूकै माध्यमबाट संरक्षण र प्रवद्र्धन हुँदै आएको छ । जानकी जन्म महोत्सवले यस सम्पदालाई जीवन्त राख्दै नयाँ पुस्तासम्म हस्तान्तरण गर्ने महत्त्वपूर्ण कार्य गरिरहेको छ । आजको आधुनिक र व्यस्त जीवनशैलीमा मानिसहरू आफ्नो मौलिक संस्कृति र परम्पराबाट टाढिँदै गएको सन्दर्भमा यस्ता महोत्सवहरूले पुनः आफ्नो पहिचानतर्फ फर्काउने अवसर प्रदान गर्छन् । यसले केवल धार्मिक आस्थामात्र होइन, सामाजिक समानता, सहिष्णुता र आपसी सम्मानलाई पनि बलियो बनाउने कार्य गर्दछ ।

पछिल्लो समय जानकी जन्म महामहोत्सवलाई केवल एउटा धार्मिक कार्यक्रमको रूपमा मात्र नभई मिथिलाको आत्मा, इतिहास र सांस्कृतिक चेतनाको उत्सवका रूपमा लिन थालिएको छ । यसले समाजलाई सकारात्मक ऊर्जा प्रदान गर्दै एकता, सद्भाव र आध्यात्मिक उन्नतिको मार्गमा अग्रसर गराउने विश्वास गरिएको छ । जनकपुरधाममा आयोजना हुने यो महोत्सवले फेरि एकपटक सम्पूर्ण मिथिला क्षेत्रलाई आस्था र संस्कृतिको उज्यालोमा डुबाउने निश्चित छ । रासस

## वीरगंजमा 'भविष्य मेला २०२६':

# पुरस्कार, छुट र करियर मार्गदर्शनको आकर्षक अवसर

**मधेशदृष्टि**
**वीरगंज ।**
एसइई परीक्षा दिएका विद्यार्थी र उनीहरूका अभिभावकलाई लक्षित गर्दै वीरगंजमा आयोजना हुन लागेको 'भविष्य मेला २०२६' लाई अझ आकर्षक बनाउने उद्देश्यले आयोजकले पुरस्कार र विशेष छुटको व्यवस्था गरेको छ । एड्स बी मिडियाका अनुसार मेलामा सहभागी हुनेहरूका लागि गोला प्रथामार्फत एक जना विद्यार्थीले मोबाइल फोन, १० जनाले एयरबड्स, १० जनाले पावर बैंक र १० जनाले स्मार्ट वाच जित्ने अवसर पाउनेछन् । विजेताहरूको घोषणा कार्यक्रमकै साँझ गरिनेछ ।




मेलामा टेक्नोलोजीप्रेमी विद्यार्थीहरूलाई लक्षित गर्दै युबन कम्पनीले आफ्ना विभिन्न ग्याजेटहरूमा विशेष छुट दिने भएको छ ।

सहभागीहरूले एयरबड्स, पावर बैंक, इयरफोन, चार्जर र स्मार्ट वाचजस्ता सामग्री सहुलियत दरमा खरिद गर्न सक्नेछन्, जसले गुणस्तरीय प्रविधि सामग्रीमा सहज पहुँच बढाउने विश्वास गरिएको छ ।

वैशाख ५ गते शनिबार वीरगंजस्थित सिद्धार्थ दियालो होटलमा बिहान ९ बजेदेखि साँझ ६ बजेसम्म सञ्चालन हुने एकदिने यस शैक्षिक तथा करियर मेलामा ८ हजारभन्दा बढी विद्यार्थी तथा अभिभावकको सहभागिता रहने अपेक्षा गरिएको छ । कार्यक्रम निर्देशक नवीन कार्कीका अनुसार, 'यो मेला केवल शैक्षिक प्रदर्शनी मात्र नभई विद्यार्थीहरूको शैक्षिक, व्यावसायिक र व्यक्तिगत भविष्य निर्माणमा सहयोग गर्ने महत्वपूर्ण मञ्च हो ।' उनका अनुसार पुरस्कार र छुटको व्यवस्थाले सहभागिता अझ उत्साहजनक बनाउनेछ ।

मेलामा विज्ञान, व्यवस्थापन, कानुन, पत्रकारिता, इन्जिनियरिङ, चिकित्सा तथा विभिन्न व्यावसायिक शिक्षासम्बन्धी विषयमा निःशुल्क करियर काउन्सिलिङ, विषय छनोट मार्गदर्शन, छात्रवृत्ति सम्बन्धी जानकारी तथा शैक्षिक संस्थाहरूको विस्तृत विवरण उपलब्ध गराइनेछ । सहभागी कलेजहरूले पूर्ण र आंशिक छात्रवृत्तिको घोषणा समेत गर्ने जनाइएको छ ।

यसका साथै, विद्यार्थीहरूका लागि निःशुल्क डिम्याट खाता र बैंक खाता खोल्ने सुविधा, आँखा परीक्षण शिविर, स्टेशनरी किट, शैक्षिक पुस्तक तथा टेक ग्याजेट वितरणजस्ता सेवाहरू पनि मेलामा समावेश गरिनेछन् । गत वर्ष वीरगंज टाउन हलमा सम्पन्न पहिलो संस्करणमा १० जिल्लाबाट ५ हजारभन्दा बढी विद्यार्थी सहभागी भएका थिए । यस वर्ष दोस्रो संस्करणलाई अझ व्यवस्थित र भव्य बनाउने तयारी गरिएको आयोजकले जनाएको छ ।

वीरगंज महानगरपालिका, प्याब्सन पर्सा, एनप्याब्सन पर्सा, हिसान पर्सा तथा वीरगञ्ज उद्योग वाणिज्य संघलगायत संस्थाहरूको सहकार्यमा आयोजना हुन लागेको यस मेलाले पर्सा, बारा, रौतहटसहित आसपासका क्षेत्रका विद्यार्थीहरूलाई शैक्षिक अवसर र करियर तयारीमा ठोस सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ । आयोजकले एसइई दिएका विद्यार्थी, अभिभावक र शैक्षिक संस्थाहरूलाई मेलामा सहभागी भई अवसरको सदुपयोग गर्न आग्रह गरेका छन् ।

# दुईदिन सार्वजनिक विदा र वैशाख १५ बाट नयाँ शैक्षिक सत्र शुरु गर्ने निर्णयप्रति आपत्ति

**मधेशदृष्टि**
**वीरगंज।**
सरकारले पेट्रोलियम पदार्थको खपत घटाउने उद्देश्यले हप्तामा दुई दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा दिने र शैक्षिक सत्र वैशाख १५ गतेबाट सुरु गर्ने निर्णय गरेपछि वीरगंजका विद्यालय सञ्चालकहरूले आपत्ति जनाएका छन् । नेशनल प्याब्सन, प्याब्सन र हिसान पर्साका प्रतिनिधिहरूले वीरगंज महानगरपालिकालाई संयुक्त ज्ञापनपत्र बुझाउँदै आपति जनाएका हुन्।
पत्रमा यस्तो व्यवस्था लागू हुँदा शैक्षिक क्यालेण्डरमा गम्भीर असर पर्ने साथै वर्षमा करिब ४० दिन अतिरिक्त बिदा थपिने भएकोले पाठ्यक्रम समयमै पूरा गर्न कठिन हुने बताइएको छ । त्यस्तै, शैक्षिक सत्र सुरु हुने मिति वैशाख १ बाट १५ मा सारिँदा विद्यालय व्यवस्थापनमा थप दबाब पर्ने र समग्र शैक्षिक गतिविधि प्रभावित हुने उनीहरूको भनाइ छ।
एक शैक्षिक सत्रमा कम्तीमा २२० कार्यदिन आवश्यक हुने व्यवस्था स्मरण गराउँदै ज्ञापनपत्रमा वर्तमान निर्णय त्यससँग असंगत भएको बताएको छ । स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने विद्यालय शिक्षामा केन्द्र सरकारले हस्ताक्षेप गर्नु सोभनिय नभएको बन्दै वीरगंजका नीजि विद्यालय सञ्चालकहरूले वैशाख ४ गतेदेखि भर्ना प्रक्रिया सुरु गर्ने, त्यसपछिका दिनहरूमा शिक्षक प्रशिक्षण, अभिमुखीकरण र तयारी कार्यक्रम सञ्चालन गर्दै वैशाख ९ गतेदेखि नियमित कक्षा सञ्चालन गर्ने योजना रहेको पेस गरेको छ।

# पूर्वमन्त्री श्रीवास्तवको स्वास्थ्य अवस्थाबारे जानकारी

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजका पूर्व मेयर तथा नेपाल सरकारका पूर्व मन्त्री विमल श्रीवास्तवको स्वास्थ्य अवस्थाबारे वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले जानकारी लिएका छन्।
काठमाडौंस्थित अस्पतालमा उपचाररत पूर्व मेयर श्रीवास्तवसंग शुक्रवार भेटघाट गरि मेयर सिंहले स्वास्थ्य अवस्थाबारे जानकारी लिएका हुन । सो अवसरमा मेयर सिंहले शिघ्र स्वस्थ्य लाभको कामना गरेका छन्।
पछिल्लो केही दिन देखि काठमण्डौमा उपचाररत श्रीवास्तवको स्वास्थ्यमा क्रमिक सुधार आइरहेको चिकित्सकहरूले बताएका छन्।

# पथलैया–हेटौंडा–नारायणघाट सडक चार लेनामा विस्तार प्रक्रिया अघि बढ्यो



**मधेशदृष्टि**
**वीरगंज।**
पूर्व–पश्चिम राजमार्ग अन्तर्गत पथलैया–हेटौँडा–नारायणघाट सडक खण्डलाई चार लेनमा विस्तार गर्ने प्रक्रिया अघि बढाइएको छ । करिब १०० किलोमिटर लामो यो सडक एसियन डेमलपमेन्ट बैंक (एडीबी) को वित्तीय सहयोगमा निर्माण हुन लागेको हो।
आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सार्वजनिक भइसकेको छ भने अब छिट्टै अन्तर्राष्ट्रिय ठेक्का आह्वान गर्ने तयारी भइरहेको छ।
आयोजनाको कुल लागत करिब ५४ अर्ब रुपैयाँ अनुमान गरिएको छ, जसमा एडीबीले २८५ मिलियन डलर सहुलियत ऋण र २० मिलियन डलर अनुदान उपलब्ध गराउनेछ।
आयोजना निर्देशनालयका प्रमुख चुडाराज ढकाल का अनुसार अबको एक महिनाभित्र ठेक्का प्रक्रिया सुरु गरिनेछ । यस पटक ठेकेदार छनोटमा 'क्वालिटी एण्ड कस्ट बेस्ड सेलेक्सन' विधि अपनाइनेछ, जसमा ८० प्रतिशत मूल्याङ्कन प्राविधिक क्षमता र २० प्रतिशत मात्र लागतलाई दिइनेछ।

# नहर पुरेर सडक निर्माण सुरु गरिएपछि विवाद

**मधेशदृष्टि**
**परवानीपुर।**
बाराको परवानीपुर गाउँपालिका–५ मा सिँचाइका लागि बनाइएको पुरानो नहर पुरेर सडक निर्माण सुरु गरिएपछि स्थानीय तहमा विवाद चुलिएको छ । करिब ३० लाख रुपैयाँ लागतको उक्त योजना आवश्यकता भन्दा पनि स्वार्थअनुसार अघि बढाइएको भन्दै स्थानीयवासीले आपत्ति जनाएका हुन् । वर्षौंदेखि कृषिमा उपयोग हुँदै आएको नहर हटाइएपछि सिँचाइ प्रणालीमा प्रत्यक्ष असर पर्ने चिन्ता व्यक्त गरिएको छ । स्थानीयका अनुसार नहर पुरिँदा पानी निकास अवरुद्ध हुने जोखिम बढेको छ, जसले खेतीपातीसँगै सरसफाइ र डुबानको समस्या निम्त्याउन सक्छ । स्थानीयले यस्तो कार्यले दीर्घकालीन समस्या निम्त्याउने चेतावनी दिएका छन्।

# बिरन्चीबर्वा स्वास्थ्य चौकीमा ओपिडि सेवा संचालनमा



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको कालिकामाई गाउँपालिका वडा नं ५ बिरंचीबर्वा स्वास्थ चौकिको नयाँ भवनमा शुक्रबार ओपिडी सेवाको उद्घाटन भएको छ।
वडा नं. ५ का वडाध्यक्ष जयनारायण प्रसाद कुर्मीले ओपिडी सेवाको उद्घाटन गरेका छन् । उद्घाटन कार्यक्रममा बोल्दै वडाध्यक्ष कुर्मीले यहाँ कार्यरत स्वास्थ्यकर्मीहरुले जनताहरुको सेवामा कुनै लापरवाही नगरि जनताको सेवामा लाग्न आग्रह गरेका थिए।
यहाँको उपचारलाई प्रभावकारी बनाई अन्यत्र जानुपर्ने अवस्थाको अन्त्य गर्नुपर्ने भन्दै वडाध्यक्ष थारुले यस ग्रामीण क्षेत्रका जनताहरु स्वास्थ्य सेवा पाउन सदरमुकाम धाउनुपर्ने बाध्यता रहेकोले गाउँमै सेवालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए । यस अस्पतालमा मेडिकल अफिसर राखिएको छ, जसले गर्दा उपचार प्रभावकारीहुने विश्वास व्यक्त गरे।
स्वास्थ्य चौकीमा महिलाहरुको लागि अल्ट्रासाउन्ड निःशुल्क ब्यवस्था गरिएको छ। ईसिजी सेवा, लगायत दक्ष अनमीहरु ब्यवस्थापन गरिएको छ । स्वास्थ्य चौकीको लागि गाउँपालिका र वडा कार्यालयबाट औषधी लगायत अन्य समाग्रीको लागि बजेट राखेको वडाध्यक्ष कुर्मीले बताए।
कार्यक्रममा दिब्य युवा कल्बका कोषाध्यक्ष देवनाथ ठाकुरले बिरन्चीबर्वा नमुना स्वास्थ्य चौकी रहेको भन्दै यहाँको स्वास्थ्यकर्मीहरुले दिनेगरेको सेवाबाट प्रभावित भई विरामीहरु अन्यत्र जाने क्रममा कमि भएको बताए। उपचार प्रभावकारी हुँदा यस क्षेत्रका विरामीहरु अन्यत्र जाँदैनन्, समय र खर्चको पनि बचत हुने भन्दै ठाकुरले गाउँपालिका र वडाबाट स्वास्थ्य चौकीमा सहयोग गरिएकोमा धन्यवाद व्यक्त गरे।
कार्यक्रममा एम.बि.बि.एस. स्वास्थ्यकर्मी तेजनाथ तिवारीले गाउँघरका जनताहरुलाई सेवा गर्न मौका पाएकोमा आफूलाई भर्गान्वित महसुस भएको बताए । आफ्नो जीवनमा पहिलो प्राथमिकता दलित, गरिब, अशक्त लगायत सम्पुर्ण जनसमुदाय रहेकोले खुशी व्यक्त गरे । आफू सदरमुकाम वीरगंजमा बस्दा पनि गाउँघरमा गरिब, विपन्न परिवारलाई सहयोग गर्दै आएको भन्दै तिवारीले यहाँको जनताको सेवाको लागि आफू सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।
कार्यक्रममा गाउँपालिका स्वास्थ्य संयोजक धिरज साहले स्वास्थ्य चौकीहरुमा कुनै प्रकारका कमी नहुने प्रतिबद्धता व्यक्त गरे । उनले गाउँपालिकाबाट प्राप्त हुने सम्पुर्ण सेवा सुबिधा सहज रुपमा उपलब्ध गराइने प्रतिबद्धता जनाए । साथै पालिकाद्वारा संचालित एम्बुलेन्समा एक्सिजनको कमि नरहेको बताए ।
वडाध्यक्ष जयनारायण कुर्मीको अध्यक्षतामा आयोजित कार्यक्रममा देवनाथ ठाकुर, मदनमोहन माली, डाक्टर तेजनाथ तिवारी, स्वास्थ्य प्रमुख शन्त प्रसाद कम्कर, स्वास्थ्य सहसंयोजक निरंजन चौरसिया, ललिता देबी, रमेश पटेल, रामजतन प्रसाद लगायतको उपस्थिति रहेको थियो । स्वास्थ्य चौकीमा ओपिडि सेवा संचालन भएलगत्तै विरामीहरुलाई भर्ना कार्य पनि सुरु हुने संस्थाका प्रमुख शन्त प्रसाद कम्करले बताए।

# ६ जना फरार प्रतिवादी पक्राउ

**राकेश यादव**
**रौतहट।**
रौतहट प्रहरीले अदालतबाट कैद र जरिवाना लागेका ६ जना फरार प्रतिवादीलाइ पक्राउ गरेको छ।
रौतहट जिल्ला अदालतको फैसला कार्यन्वयन गर्ने शिलशिलामा फरार रहेका बिभिन्न मुद्दाका प्रतिवादीले खोज तलाशको क्रममा पक्राउ गरेको हो।
पक्राउ पर्नेमा दिनेश सहनी लेनदेन मुदामा १ बर्ष सजाय,सुरेश साह सोनार लेनदेन मुदामा ३ महिना कैद, सार्बजित कुमार साह चोरी मुदामा १ महिना १५ दिन कैद र नगद ३ हजार जरिवाना, राम नरेश प्रसाद चेक अनादार मुदामा १५ सय जरिवाना, मुकेश साह तेली चोरी मुदामा ३ महिना कैद १० हजार जरिवाना र राम सोगारथ राय यादव लेनदेन मुदामा १ बर्ष कैद रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवकता प्रहरी नायव उपरिक्षक बिष्णु प्रदिप बस्यालले जानकारी दिएका छन्।

# सार्वजनिक सवारीसाधनमा सिसीटिभी अनिवार्य गर्न निर्देशन



**मधेशद्दष्टि**
**सिरहा ।**
सिरहा जिल्लामा सञ्चालन हुने सार्वजनिक सवारीसाधनहरूमा अनिवार्य रूपमा सीसीटिभी क्यामेरा जडान गरिने भएको छ । जिल्ला प्रशासन कार्यालयले यात्रुहरूको सुरक्षालाई मध्यनजर गर्दै एक सूचना जारी गरि २० दिनभित्र सबै यात्रुवाहक सवारीसाधनमा सीसीटिभी जडान गरिसक्न निर्देशन दिएको हो ।
जिल्ला यातायात व्यवस्थापन समितिको निर्णयअनुसार सिरहा सदरमुकाम, लहान र मिर्चैया लगायत क्षेत्रबाट छुट्ने लामो तथा छोटो दूरीका सवारीसाधनमा यो नियम लागू हुनेछ । सार्वजनिक यातायातमा हुनसक्ने चोरी, दुव्र्यवहार र अन्य आपराधिक क्रियाकलाप नियन्त्रण गरी यात्रुलाई सुरक्षित महसुस गराउन यो कदम चालिएको प्रशासनले जनाएको छ ।
जिल्ला प्रशासन कार्यालयका अनुसार तोकिएको २० दिनको समयसीमाभित्र सिसीटिभी जडान भए–नभएकोबारे यातायात व्यवस्था कार्यालय लहान र जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट नियमित अनुगमन गरिनेछ । निमित्त प्रमुख जिल्ला अधिकारी चेतराज बरालद्वारा जारी गरिएको उक्त सूचनामा नियमको पालना नगर्ने सवारीसाधनलाई कारबाही गरिने उल्लेख गरिएको छ ।

# गौशालाको सार्वजनिक जग्गामा बनाइएको अवैध संरचना हटाइयो

**मधेशदृष्टि**
**जितपुर ।**
जीतपुरसिमरा उपमहानगरपालिकाले जीतपुरस्थित गौशालाको सार्वजनिक जग्गामा बनेका अवैध संरचना हटाएर क्षेत्र पूर्ण रूपमा खाली गराएको छ । ६ लेन सडक नजिकको बहुमूल्य उक्त जग्गा लामो समयदेखि अतिक्रमणमा परेको थियो ।
उपमहानगरपालिकाले यसअघि सूचना जारी गर्दै वैशाख २ गतेसम्म अतिक्रमित संरचना हटाउन अल्टिमेटम दिएको थियो। समयसीमाभित्र केही व्यवसायीले आफैं हटाए पनि अटेरी गर्नेहरूका संरचना डोजर प्रयोग गरी हटाइएको हो । कारबाहीका क्रममा नगर प्रहरी, नेपाल प्रहरी र सशस्त्र प्रहरीको उपस्थितिमा सुरक्षात्मक रूपमा काम अघि बढाइएको थियो ।
सुरुवातमा सामान्य विरोध भए पनि प्रशासनको कडाइपछि अवस्था नियन्त्रणमा आएको थियो ।
अभियानअन्तर्गत मासु पसल, खाजाघर, कबाड केन्द्र, भेटेनरी पसल तथा अन्य साना व्यवसाय सञ्चालन गरिरहेका दर्जनौँ टहरा हटाइएका छन् ।

# जनकपुर रिफाइनरीमा आगलागी पन्ध्र करोड बराबरको क्षति




**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको मिथिला नगरपालिका–७, ढल्केबरस्थित जनकपुर रिफाइनरी इण्डष्ट्रिजमा बिहीबार राति भीषण आगलागी भएको छ । राति करिब १० बजे उद्योगमा आगलागी हुँदा प्रारम्भिक अनुमान अनुसार करिब १५ करोड रुपियाँ बराबरको क्षति भएको उद्योगका प्रबन्धक सन्जय गुप्ताले जानकारी दिए।
जनकपुर, महेन्द्रनगर र ढल्केवरबाट खटिएका पाँचवटा वारुणयन्त्र तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको संयुक्त प्रयासमा करिब दुई घण्टापछि आगो नियन्त्रणमा आएको उनले बताए । आगलागीका कारण उद्योगमा रहेका स्टिम र थर्मोफुल गरी दुईवटा प्रसोधन मेसिनमा गम्भीर क्षति पुगेको प्रबन्धक गुप्ताले जानकारी दिए।
दुवै प्रसोधन मेसिन पूर्णरूपमा प्रयोग गर्न नसकिने अवस्थामा पुगेका छन्, त्यस हिसाबले पनि करिब १५ करोड रुपियाँ बराबरको क्षति भएको उनको भनाइ छ। उनका अनुसार क्षतिको यकिन विवरण सङ्कलन गर्न अझै दुई–तीन दिन लाग्नेछ । इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक लक्ष्मण केसीले आगलागीको कारण खुल्न नसकेको र घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिए।

# ब्रह्मपुरीमा निःशुल्क स्वास्थ्य शिविर

**मधेशदृष्टि**
**रौतहट।**
रौतहट जिल्लाको राजदेवी नगरपालिका वडा नम्बर ९, ब्रह्मपुरीमा शुक्रवार एक दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । युवा सामाजिक अभियन्ता नवीन कुमार सिंहको विशेष पहल तथा वडा कार्यालय–९ र स्वास्थ्य चौकी ब्रह्मपुरीको समन्वयमा उक्त शिविर आयोजना गरिएको थियो।
शिबिरमा वरिष्ठ हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा. नवीन कुमार सिंहले सेवा २४ जना पुरुष र ५६ जना महिला गरी जम्मा ८० जनालाइ निःशुल्क स्वास्थ्य जाँच गरेका छन्।तथा शिबिरमा राजदेवी नगरपालिका वडा नं. ४, ५, ६, ७, ८, ९ तथा दुर्गा भगवती गाउँपालिका स्थानीयहरुको सहभागिता सामाजिक अभियन्ता नबिन सिंहले जानकारी दिएका छन् । चेक जाचको क्रममा बिरामीहरूमा विशेषगरी घुँडाको समस्या, बाथ रोग तथा कुरकुचामा हुने समस्या बढी देखिएको डाक्टरले डाक्टर सिंहले बताएका छन्।
शिबिरमा भाग लिएका राजदेवी नगरपालिकाका उप–प्रमुख राजकुमारी देवी तथा समाजसेवी पवन किशोर साहले अहिले मानिसमा बिभिन्न रोगको समस्या देखिने गरेकोले समयमा चिकित्सक संग स्वास्थ्य परिक्षण गराउनु पर्ने धारणा राखेका छन् । स्वास्थ्य चौकी ब्रह्मपुरीका स्वास्थ्यकर्मीहरू संजय केशरी, सञ्जु दास, राम प्रकाश यादव, राम श्रेष्ठ यादवको सक्रिय भूमिका रहेको थियो भने राजदेवी नगरपालिकाका स्वास्थ्य संयोजक रमाकान्त यादव र स्थानीय युवा रत्नाकर सिंह, सोनु दास, अमन बैठा लगायतको उल्लेखनीय सहभागिता देखिएको थियो।
डा. नवीन कुमार सिंहले आफ्नै जन्मभूमि ब्रह्मपुरीमा सेवा दिन पाउँदा खुसी व्यक्त गर्दै आगामी दिनमा अन्य वडाहरूमा समेत सेवा विस्तार गर्ने इच्छा व्यक्त गरेका हुन। नगर स्वास्थ्य संयोजक रमाकान्त यादव र स्वास्थ्यकर्मी संजय केशरीले डाक्टर नवीन कुमार सिंह र सामाजिक अभियन्ता नवीन कुमार सिंहको पहलको उच्च प्रशंसा गर्दै धन्यवाद व्यक्त गरेका छन्।
सामाजिक अभियन्ता नवीन कुमार सिंहका अनुसार, राजदेवी नगरपालिकाका विभिन्न क्षेत्रबाट विशेषज्ञ डाक्टरहरू देशका विभिन्न स्थानमा कार्यरत रहेका छन् र उनीहरूलाई आफ्नै गाउँमा ल्याएर सेवा दिने पहल जारी रहेको छ । सोही अभियान अन्तर्गत ब्रह्मपुरीमा पहिलो चरणको निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको हो र आगामी दिनमा अन्य विशेषज्ञ डाक्टरहरूबाट पनि सेवा विस्तार गरिने योजना रहेको बताइएको छ।
यस प्रकारका स्वास्थ्य शिविरले ग्रामीण क्षेत्रका नागरिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने अपेक्षा गरिएको छ।

## सम्पादकीय

# ‘स्वर्णिम’ बहसको विडम्बना:

# सुनको चमकमा ओझेल परेको नैतिकता !

राजनीतिमा व्यङ्ग्य कहिलेकाहीँ समयसँगै आफ्नै सिर्जनाकर्तामाथि फर्किन्छ भन्ने कुराको ज्वलन्त उदाहरण अहिले देखिएको छ । आठ वर्षअघि ‘स्वर्णिम मन्त्रीमण्डल’ भन्दै तत्कालीन सरकारका मन्त्रीहरूको सम्पत्तिमा रहेको सुनको मात्रा सार्वजनिक गरेर प्रश्न उठाउनेहरू आज स्वयं त्यही प्रश्नको केन्द्रमा छन् । समय बदलिएको छ, पात्र बदलिएका छन्, तर प्रश्न उही छ सम्पत्ति कति छ भन्ने होइन, कसरी आयो भन्ने । अहिले सामाजिक सञ्जालमा फैलिएको बहस सतही ट्रोलिङ मात्र होइन, यो जनताको गहिरो असन्तोषको अभिव्यक्ति हो । जब हिजो अरूको १० तोला सुनलाई लिएर व्यङ्ग्य गरिन्थ्यो र आज आफू ४५ तोलासहित उभिन्छ, तब प्रश्न उठ्नु स्वाभाविक हुन्छ । अझ जब औसत रूपमा मन्त्रीहरूको सुनको मात्रा उल्लेखनीय रूपमा बढेको देखिन्छ, त्यो केवल व्यक्तिगत प्रगति मात्र नभएर राजनीतिक नैतिकताको प्रश्न पनि बन्छ ।

यो बहसलाई केवल ‘धनी हुनु अपराध होइन’ भन्ने सरल तर्कले टार्न मिल्दैन । निस्सन्देह, वैधानिक रूपमा कमाएको सम्पत्ति कसैको अपराध होइन । तर राजनीति केवल कानुनीताको विषय होइन, यो नैतिकताको पनि प्रश्न हो । जनताको मत लिएर सत्तामा पुगेका व्यक्तिहरूबाट अपेक्षा केवल पारदर्शिता मात्र होइन, संवेदनशीलता पनि हो । आजको विडम्बना के हो भने, जुन समयलाई ‘देश बर्बाद भयो’ भनेर जनमत निर्माण गरियो, त्यही अवधिमा केही नेताहरूको व्यक्तिगत सम्पत्ति तीव्र गतिमा बढेको देखिन्छ । यदि देश साँच्चै नै आर्थिक रूपमा कमजोर अवस्थामा थियो भने, त्यसै समयमा व्यक्तिगत ‘गोल्ड रिजर्भ’ कसरी फस्टायो ? यो प्रश्नले केवल व्यक्तिलाई होइन, सम्पूर्ण राजनीतिक संस्कृतिलाई कटाक्ष गर्छ ।

अझ चिन्ताजनक पक्ष के छ भने, यो सरकार युवाको आकांक्षा, परिवर्तनको नारासहित उदाएको हो । जेनजी आन्दोलनको जगमा बनेको राजनीतिक शक्ति आज आफ्नै समर्थकहरूलाई उत्तर दिन बाध्य भएको छ । आन्दोलनका अगुवाहरू अझै दैनिक खर्चको जोहोमा संघर्ष गरिरहेका छन् भने सत्ता सम्हाल्नेहरू सयौँ तोला सुनका मालिक देखिन्छन् । यसले ‘प्रतिनिधित्व’ को नैतिकता नै प्रश्नमा पार्छ । राजनीतिमा सम्पन्न व्यक्तिहरू आउनु नराम्रो होइन भन्ने तर्क पनि उठिरहेको छ । तर प्रश्न त्यहाँ छैन । प्रश्न छ के सम्पन्नता संवेदनशीलताको ग्यारेन्टी हो ? के आर्थिक रूपमा सुरक्षित व्यक्ति जनताको पीडा बुझ्न अझ सक्षम हुन्छ ? इतिहासले यसको स्पष्ट उत्तर दिँदैन । बरु धेरैजसो अवस्थामा सत्ता र सम्पत्ति नजिकिँदा जनतासँग दूरी बढेको उदाहरणहरू प्रशस्त छन् ।

सामाजिक सञ्जालमा देखिएको ‘पहेलपुर सरकार’ भन्ने व्यङ्ग्य केवल शब्दको खेल होइन, यो जनताको मनोविज्ञानको प्रतिबिम्ब हो । जब राज्यका निर्णयकर्ता र सर्वसाधारणबीच आर्थिक खाडल अस्वाभाविक रूपमा बढ्छ, तब विश्वास कमजोर हुन्छ । विश्वास गुमेको राजनीति कागजमा मात्रै लोकतन्त्र रहन्छ, व्यवहारमा होइन । यस सन्दर्भमा सम्पत्ति विवरण सार्वजनिक गर्नु सकारात्मक कदम हो, तर त्यो पर्याप्त छैन । पारदर्शिता केवल विवरण दिनु मात्र होइन, त्यसको विश्वसनीयता सुनिश्चित गर्नु पनि हो । सम्पत्ति कसरी आर्जन भयो, त्यसको स्रोत कति स्पष्ट छ, कर तिरेको छ कि छैन यी प्रश्नहरूको जवाफ नदिँदासम्म ‘घोषणा’ केवल औपचारिकता मात्र बन्छ । आज आवश्यक छ ‘राजनीतिक आत्मसमिक्षा’ । हिजो उठाएका प्रश्नहरूलाई आज पनि उत्तिकै इमानदारीका साथ सामना गर्ने साहस ।

अन्यथा ‘स्वर्णिम’ शब्द व्यङ्ग्यबाट विडम्बनामा रूपान्तरण हुँदै जानेछ । जनताले धनी वा गरिब नेता चाहेका होइनन्, उनीहरूले इमानदार, उत्तरदायी र संवेदनशील नेतृत्व खोजेका हुन् । सुनको चमकले केही समय आँखालाई चकित पार्न सक्छ, तर दीर्घकालमा मूल्य त त्यही नेतृत्वको हुन्छ जसले विश्वास कमाएको हुन्छ ‘सुन होइन’ ।

# ‘कसैसँग छैन आशा, गर्छन् सडकमै सङ्घर्ष’

राधिका बुढाथोकी

**सिन्धुली ।**
वैशाखको चर्को घामले जमिन तातेको छ । शीतल दिने छहारी छैन । छाता ओढेर ग्राहकको प्रतिक्षामा छिन्, ढाटिमाया दर्जी, सुकुमाया थिङ र फूलमाया वाइवा । छाताले शीर ढाकिएपनि जीवनका सङ्घर्षहरु ढाकिन सकेका छैनन् । फागुन–चैतको आँधीहुरी होस्, वैशाख–जेठको चर्को घाम वा असार–साउनको झरी किन नहोस्, दैनिक हाट र फुटपाथमा संघर्ष गरिरहेका भेटिन्छिन् । एकहत्तर वर्षीया ढाटिमाया दर्जीले यो यात्रा सुरु गरेको झन्डै तीन दशक बित्नै लागिसकेको छ । २७ वर्षअघि उनले ३५ रुपैयाँको लगानीमा व्यापार सुरुवात गरेकी थिइन् । ढाटिमायाको व्यापारीक यात्रा फापरको सागबाट भएको हो । ‘किसानसँग प्रतिमुठ्ठा दुई रुपैयाँका दरले १८ मुठ्ठा सागलाई ३६ रुपैयाँ पठ्यो, मलाई किसानले एक रुपैयाँ छुट दिनुभयो । मैले त्यो साग तीन रुपैयाँ नाफा लिएर प्रतिमुठा पाँच रुपैयाँमा बेचेँ । ३५ रुपैयाँको लगानी बढेर ५५ रुपैयाँको भयो,’ उनले विगत सम्झिदै सुनाइन् ।

पहिला सिन्धुलीसँगै रामेछाप, दोलखासम्मका हाट, मेला, महोत्सवमा व्यापार गर्न पुग्ने ढाटिमायाले त्यसरी नै व्यापार विस्तार गर्दै गइन् । ३५ रुपैँयाबाट सुरुवात गरेको व्यापार बढेर अहिले झन्डै ३५ हजारको भएको छ । सिन्धुलीको सदरमुकाम सिन्धु ुलीमाढीमा साप्ताहिक रुपमा लाग्ने शनिबारे हाटको उनी नियमित व्यापारी छिन् । आज पनि गाउँमा उत्पादित मौसमअनुसारका उत्पादन बेचिराखेकी छिन् । साग, अदुवा, बेसार, केरा, खुर्सानी, अमला, बदाम, अम्बा, गुन्द्रुकजस्ता सामान उनी बिक्रीमा राखेकी छिन् । उनी भन्छिन्, ‘मेरो हैसियतअनुसारको व्यापार गरिरहेको छु । आजसम्म कसैसँग मागेर खानु ु परेको छैन । म आफ्नै पौरखमा बाँचेको छु । जेनतेन घरखर्च धानेकै छु ।’

आज आमाको मुख हेर्ने दिन । उनीलाई पनि आफ्ना सन्तानले आज अरु आमाका छोरोछोरीले जस्तै मुख हेर्न आउलान् कि भन्ने आशा लाग्छ तर कसैले वास्ता गर्दैनन् । ढाटिमायाका आठ सन्तान थिए–पाँच छोरी र तीन छोरा । सबै छोरी र कान्छो छोरो अकाल्मै बिते । बाँचेका दुई छोरा–बुहारीको पनि साथ छैन उनीलाई । टन्टलापुर घाममा व्यापार गर्ने ढाटिमायालाई घामको तापले भन्दा बितेका सन्तानको शोकले पिरोलिरहन्छ । उनको साथमा श्रीमान् त छन्, तर कठिन सङ्र्घषमा सधैँ एक्लै जुध्न परेको तीतो अनुभवले सुनाइन् ।

ढाटिमायाकै सारथी छिन्, सुकुमाया । उमेरले ८० कटेकी सुकुमाया ३५ वर्ष भयो व्यापारमा लागेको । यस अवधिमा भिमानमा लाग्ने शुक्रबारे हाट, सिन्धुलीमाढीमा लाग्ने बुधबारे र शनिबारे हाटदेखि दोलखा, रोमछापमा लाग्ने हाटमासमेत उनी पुगेकी छिन् । अझैसम्म पनि यो यात्रा रोकिएको छ । ‘आफैँमा आत्मनिर्भर भएमा कसैले हेप्न सक्दैन । शरीरले साथ दिएसम्म मिहेनत गर्छु । मलाई कसैको आशा पनि छैन,’ सुकुमायाले भनिन् । सानो लगानीमा मुठ्ठी, मानोको व्यापार गरेरै पनि जीविका चलाउन सकिने उनी बताउँछिन् ।

सुको मानो खुर्सानी बेचेकी फूलमायालाई बजारमा सामानको मूल्य आकासिएको देख्दा आत्तेसै लाग्छ । उनले शनिबारे हाटमा मात्रै ३१ वर्ष भयो व्यापार गरेको । गाउँ–घरमा उत्पादन भएका अर्गानीक सागसब्जी, फलफूललगायतका सामान उनले बेच्दै आएकी छिन् । उमेरले ७२ वर्ष पुगेकी फूलमायालाई आफ्ना पाखुरा चलुन्जेल कसैलाई पनि दुःख दिने मन छैन । ‘मेरो छोरा नेपाली सेनामा जागिरे छ । तर, आजसम्म छोरालाई दुख दिएको छैन । म आफ्नै कमाइले बाँचिरहेको छु । यसैगरी काम गर्दा–गर्दै, पैसा कमाउँदा–कमाउँदै मर्न पाईओस’ उनले भनिन् ।

ढाटिमाया, सुकुमाया र फूलमाया एकअर्काको सारथी छिन् । प्रायः हाटमा व्यापार सँगै–सँगै गरेको देखिन्छ । आज पनि उनीहरु शनिबारे हाटमा लहरै बसेर व्यापार गरिरहेकी छिन् । हाटमा मात्रै कहाँ हो र ! फुटपाथमा पनि सानो लगानीमा व्यापार गर्नेहरु महिला बाक्लै भेटिन्छन् । सावित्री थापाले फुटपाथमा व्यापार सुरु गरेको चार वर्ष वित्यो । उनी दैनिक बिहान ९ बजेदेखि बेलुका ७ बजेसम्म सिन्धुलीमाढी क्षेत्रकै फुटपाथमा व्यापार गर्छिन् । यसका बाध्यता धेरै छन् ।

उनी दुई सन्तानकी आमा छिन् । छोरीको विवाह भइसकेको छ । छोराका दुई नाति छन् तर कमाएर पाल्ने छोरो विरामी भएर थलिएपछि उनले ६० वर्षको उमेर फुटपाथमा व्यापार गर्नु परेको हो । आज उनले सिन्धुलीमाढीस्थित भेटेनरी चोकमा खुर्सानी, कुखुराको अण्डा, केरा, गुन्द्रिक, वन सिलाम, टिमुर, बेसार बेच्न राखेकी छिन् । व्यापारबाट दैनिक कमाइ चार सयदेखि एक हजारसम्म हुने गरेको उनले बताइन् ।

त्यसो त ८० वर्षीया देवकुमारी भुजेल पनि फुटपाथमै सङ्र्घष गरिरहेकी छिन् । पोलेको र हरियो मकै, बेसार, खुर्सानी, अमला उनले



बेच्ने गर्छिन् । सामाजिक सुरक्षा भत्ताले औषधि खान नपुगेपछि उनी अझैसम्म पनि सडकमा सङ्घर्ष गर्न बाध्य छिन् । आफ्ना सन्तानको अपहेलना सहन नसकेर उनी छुट्टै कोठा भाडामा लिएर बस्दै आएकी छिन् । देवकुमारीलाई एक्लो बुढेसकाल बिताउन जति सङ्र्घष छ, त्यत्तिकै कठिन छ–अनितादेवी रामलाई तीन सन्तानको पालनपोषण गर्न । श्रीमान् बितेपछि फुटपाथमा उनको सङ्घर्ष सुरु भएको हो ।

महोत्तरीका गौशलाकी अनितादेवीको परिवार १२ वर्षदेखि कमलामाई नगरपालिका–५ चिसापानीमा कोठा भाडामा बस्दै आएको छ । परिवारको एक मात्रै साहारा बनेका विजय राम रोगले थलिएर बितेपछि अनितादेवी बेसहारा भइन् । आफन्त, परिवारको समेत उनले साथ पाइनन् । विजय बित्दा जेठो छोरो १० वर्षका थिए । भोक मेटाउन गासको समस्या बढ्न थालेपछि उनले विजयले गरेको कामलाई निरन्तरता दिन थाले । गौमती नमूना माध्यमिक विद्यालयमा कक्षा पाँचमा पढ्दै गरेका चन्दनको पढाइ छुट्यो । त्यसपछि अनितादेवी आफैँले चुत्ता–चप्पल सिलाउन, पोलिस लगाउन सिकिन् । आफूले सीप जानेपछि छोरालाई पढ्न विद्यालय पठाइन्, आफू काममा खटिइन् ।

यो यात्राको सुरुआत सजिलो थिएन । श्रीमान्को निधनपछि जीवनले एका–एक कठिन मोड लियो । ‘पहिला म घरायसी धन्दामै व्यस्त हुन्थे । मैले यो काम जानेकै थिइन । बुबाले गरेका काम देखेर बरु छोराले जानेको रहेछ, मैले उसैसँग काम सिकेर गर्न थालेकी हुँ’, उनले सुनाइन् । श्रीमान् साथमा हुँदा घरधन्दामा मात्रै सीमित रहेकी अनितादेवीले पछिल्लो समय बाहिरको काम पनि भ्याउनुपर्ने बाध्यता छ । बिहानको घरधन्दा सकेर छोराछोरीलाई विद्यालय पठाउनु अनि आफूलाई आवश्यक पर्ने औजार बोकेर फुटपाथमा चुत्ता–चप्पल सिलाउन निस्किनु उनको दैनिकी हो । ‘दिनभरि चुत्ता–चप्पल सिलाउँदा हातका औँला छेडिन्छन्, पाखुरा दुखेर कहिले राम्रो निन्द्रा पर्दैन । काम दुःखको छ । तर, गर्नुपर्ने बाध्यता छ’, उनले भनिन् ।

अनितादेवीले जुत्ता, चप्पल सिलाएको एक सय र जुत्ता पोलिस गरेको रु ५० लिने गर्छिन् । पोलिस, जुत्ता सफा गर्ने ब्रस, सोल र जुत्ताको लेस बेच्न राखेकी छिन् । उनका श्रीमान्ले त्यही जुत्ता सिलाउने पेसाबाटै दैनिक १५ सयदेखि १८ सयसम्म कमाउने गरेका थिए । अनितादेवीको भने कमाई कम हुन्छ । उनी भन्छिन्, ‘कहिले कमाइ नै हुँदैन । कहिले पाँच सयदेखि रु एक हजारसम्म हुन्छ ।’

महिला भएकाले अनितादेवीलाई पुरुषले जुत्ता, चप्पल सिलाउन, पोलिस गर्न दिँदैनन् । लक्ष्मीको रुप मानेर होला, महिलाबाट मात्रै काम आउँदा आम्दानी कम हुने उनको भनाइ छ । फुटपाथमा बसेर काम गर्दा उनले धेरै खालका व्यवहार पनि भोगिन् । समाजको दृष्टि, आफ्नै सङ्कोच र लाजले उनलाई धेरैपटक टुटाएको थियो । ‘कतिपयले खिसिटिउरी गर्थे । यो काम पुरुषले मात्रै गर्ने हो, तिमी भाँडा माझ्ने काम खोज्न जाउ पनि भने’, अनितादेवीले सुनाइन् । उनले सुरु–सुरुमा अप्ठ्यारो मान्दै, लजाउँदै सुरु गरेको यो यात्राले साढे तीन वर्ष पार गर्न लागिसकेको छ । तर, फुटपाथमा जुत्ता–चप्पल सिलाएर जीविका धान्ने कठिन सङ्र्घष कम भएको छैन ।

फुटपाथमा व्यापार गर्ने साना व्यापारीलाई बेला–बेलामा नगर प्रहरीले उठाउँछन् । यसले फुटपाथमा सानो व्यापार, व्यवसाय गरेर जीविका चलाइरहेकाहरु समस्यामा पर्ने गरेका छन् । स्थानीय सरकारले पनि यसको उचित व्यवस्थापना गर्न सकेको छैन । व्यस्थापन गर्ने प्रयास भने गरिएको पालिकाका जनप्रतिनिधिहरु बताउँछन् । चरम अभाव र दबाबका कारण फुटपाथमा पसिना बगाइरहेका यस कथाका पौरखी महिलाहरुलाई थोरै विस्मात आफ्नो भाग्यसँग छ तर कसैसँगै गुनासो छैन । आजको कठिन सङ्र्घषले एक दिन भाग्य बदलिने आशा भने सबैमा जीवित छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# विधेयक निर्माण द्रुत रुपमा अघि बढाइनेछः सभामुख



**काठमाडौँ ।**
सभामुख डोलप्रसाद अर्यालले संविधान, कानुन र विधि र प्रक्रियाको उच्चपालना गरी कानुन निर्माणलाई द्रुत रुपमा अघि बढाइने बताएका छन् । संसदीय मामिला पत्रकार समाजसँग शुक्रबार भएको छलफलमा उनले सदनबाट छिटो कानुन निर्माण हुनसके त्यसको तत्काल लाभ नागरिकले पाउने भएकाले त्यस विषयलाई ध्यान दिन जरुरी रहेको स्पष्ट पारे ।
सभामुख अर्यालले भने, कानुन निर्माणमा ढिलाइ हुँदा समाजलाई ठूलो असर पार्ने र त्यसको असर सोचेभन्दा फरक आउन सक्छ भन्ने पाटोलाई ध्यान दिनुपर्छ । समाज निर्माणमा सबै क्षेत्रको उत्तिकै भूमिका हुने बताउँदै उहाँले राम्रा नजिर र असल अभ्यासलाई आत्मसात गर्ने प्रतिबद्धता जनाए । सभामुखले भने, म व्यक्ति नभई इन्ष्टिच्युसनको नेतृत्व गरिरहेको छु । स्वदेशमा मात्र होइन विदेशबाट हेर्दा पनि सम्मान होस् । आफ्नो मूल्यमान्यतामा बसिरहोस् । नचुकोस् भन्ने मेरो मान्यता रहन्छ ।
संसद्बाट नेपाली जनताले गरेको अपेक्षाभन्दा धेरै र राम्रो नतिजा दिन सकियोस् भन्नेतर्फ आफ्नो ध्यान गएको उल्लेख गर्दै सभामुख अर्यालले कार्यसम्पादनका सिलसिलामा भएका र देखिएका कमीकमजोरी औँल्याइदिएर सहयोग गर्न आग्रह गरे ।
जेन्जी आन्दोलन, जनताको चेतना, वर्तमान परिदृश्य, निर्वाचनपछि गठनभएको सरकार र जनअपेक्षाजस्ता कुराहरुबीच कहीन काही सम्बन्ध जोडिएका पक्षमा ध्यान पु¥याउन आवश्यक छ, उनले भने ।रासस

# सुधारका लागि निरन्तर खबरदारी गर्न आग्रह



**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले शिक्षा सुधारका विषयमा निरन्तर खबरदारी र साझेदारी गर्न पत्रकारलाई आग्रह गरेका छन् । शिक्षा पत्रकार समूहको प्रतिनिधिमण्डलसँग आज सिंहदरबारस्थित कार्यकक्षमा छलफल गर्दै उनले सरकारले शिक्षा क्षेत्रमा भएका समस्या समाधान गनर्दै सुधारका लागि सकारात्मक प्रयास थालनी गरेकाले उपर्युक्त सुझाव र सहयोगका लागि आग्रह गरेका हुन् । शिक्षाका क्षेत्रमा कलम चलाउने पत्रकारहरूले देखिएका राम्रारनराम्रा विषयहरू निरन्तर बाहिर ल्याउनुपर्छ । हामीले कहिलेकाँही बाटो बिराउन पनि सक्छौँ । त्यस्तो बेलामा खबरदारी गर्नुपर्छ । बाटो बिराइएको ठाउँमा हामी सच्चिएर पनि जानुपर्ने हुन्छ, मन्त्री पोखरेलले भने । उनले शिक्षा पत्रकार समूहको आग्रह बमोजिम 'शिक्षाका लागि सञ्चार रणनीति, २०६५' सम्बन्धी आवश्यक अध्ययन गरी सोको समीक्षा र कार्यान्वयनका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।
यसैगरि मन्त्री पोखरेललाई समूहका अध्यक्ष निर्जला कक्षपतिले लामो समयदेखि रोकिएको विद्यालय शिक्षा विधेयक परिमार्जन सहित बजेट अधिवेशनमा ल्याउन, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७६ को कार्यान्ववयन हुन बाँकी विषयहरू कार्यान्वयन, शिक्षामा लगानी बृद्धि, शिक्षाका लागि सञ्चार रणनीतिको कार्यान्वयन, शिक्षा पत्रकारितामा अध्ययन तथा शोधवृत्तिको प्रबन्धलगायत कार्यक्रम सञ्चालन गर्नेलगायत विभिन्न बुँदे सुझावपत्र हस्तान्तरण गरे । भेटमा समूहका पूर्वअध्यक्षहरू प्रकाश सिलवाल, सुदर्शन सिग्देल, तुला अधिकारी लगायत सहभागी थिए ।रासस

# बाह्र समितिका सभापति चयन

**काठमाडौँ ।**
प्रतिनिधिसभाका दश र दुई संयुक्त समितिका नवनिर्वाचित सभापतिहरूले शुक्रबार पद तथा गोपनीयताको सपथ लिएका छन् ।
सिंहदरबारस्थित सङ्घीय संसद सचिवालयमा आयोजित कार्यक्रममा प्रतिनिधिसभाका सभामुख डोलप्रसाद (डिपी) अर्यालसमक्ष उनीहरूले सपथ लिएको हो ।
सपथ समारोहमा उपसभामुख रुवीकुमारी ठाकुर, कानुन, न्याय तथा संसमदीय मामिलामन्त्री सोबिता गौतम, राष्ट्रियसभाका उपाध्यक्ष लीलाकुमारी भण्डारी, राजनीतिक दलका संसदीय दलका पदाधिकारी लगायतको उपस्थित रहेको थियो ।
नवनिर्वाचितहरूमा अर्थ समितिको सभापतिमा डा कृष्णहरि बुढाथोकी, अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा सुम्निमा उदास, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा रहवर अन्सारी, कानुन, न्याय तथा मानवअधिकार समितिको सभापतिमा समीक्षा बास्कोटा, राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिमा हरि ढकाल र सार्वजनिक लेखा समितिको सभापतिमा भरतबहादुर खड्का निर्वाचित हुनुभएको हो । यसैगरी महिला तथा सामाजिक मामिला समितिमा आकृति अवस्थी, पूर्वाधार विकास समितिमा आशिष गजुरेल र कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापतिमा अशोक चौधरी निर्वाचित भएका छन ।
शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा डा ओजस्वी शेरचन, संयुक्त समिति संसदीय सुनुवाइ समितिको सभापतिमा बोधनारायण श्रेष्ठ र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति सभापतिमा गणेश कार्की निर्वाचित भएका छन् । शिक्षा समिति र राज्यका निर्देशकमा दुई–दुई जनाको उम्मेदवारी परेपछि ध्वनि मतका आधारमा रास्वपाका उम्मेदवार निर्वाचित हुनुभएको हो । सभापति चयन गर्न भएको समितिको बैठकको अध्यक्षता सम्बन्धित समितिका ज्येष्ठ सदस्यले गरेका थिए ।
निर्वाचित १२ सभापतिमध्ये ११ मा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद र लेखा समितिको सभापतिमा प्रतिपक्षी दल नेपाली कांग्रेसका तर्फबाट खड्का चयन भएको हो । नवनिर्वाचित सभापतिहरूले शुक्रबार नै आफ्नो समितिको कार्यालयमा पदबहाली पनि गरेका छन् ।रासस

# सुरक्षण मुद्रण केन्द्रको निरीक्षण
# राजस्व तिरेको २४ घण्टाभित्र छाप्न सुरु

**काभ्रेपलाञ्चोक ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले काभ्रेको पनौती नगरपालिका–५ स्थित सुरक्षण मुद्रण केन्द्र पुगेर सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छपाइको पछिल्लो अवस्थाबारे स्थलगत जानकारी लिएका छन् । केन्द्रको निरीक्षणका क्रममा सञ्चार मन्त्री डा. तिमिल्सिनाले अहिले सरकारले सार्वजनिक सेवा प्रवाह सुधारलाई प्राथमिकतामा राखेको अवस्थामा नागरिकले ट्रायल पास गरेको लामो समयसम्म लाइसेन्स नपाउने स्थितिको अन्त्य गर्न लागिएको बताए ।
साथै ट्रायल पास गरेपछि राजस्व तिरेको २४ घण्टाभित्र लाइसेन्स छापी हस्तान्तरण गरिसक्ने व्यवस्था शुक्रबार देखि कार्यान्वयनमा आएको उनले जानकारी दिए । सञ्चार मन्त्री डा. तिमिल्सिनाले लाइसेन्स छपाइ प्रक्रियालाई तीव्र बनाउँदै सबै बाँकी लाइसेन्स आगामी असार मसान्तभित्र छापिसक्ने लक्ष्य लिइएको बताए ।
अब सम्भव कामलाई असम्भव भनेर रोकिराख्ने प्रवृत्ति अन्त्य हुन्छ । ट्रायल पास गरेपछि महिनौँसम्म लाइसेन्स नपाउने समस्या अन्त्य गर्दै राजस्व तिरेको २४ घण्टाभित्र छपाइ प्रक्रिया सक्नेकाम आजैदेखि लागू भएको छ, उनले भने ।
निरीक्षणका क्रममा मन्त्री डा.



तिमिल्सिनाले सुरक्षण मुद्रण केन्द्रलाई राज्यको महत्वपूर्ण सम्पत्ति र सम्भावनायुक्त संस्थाका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । मन्त्रालय सम्हालेको पहिलो दिनदेखि नै यस केन्द्रलाई प्रभावकारी बनाउने विषय आफ्नो प्राथमिकतामा रहेको उल्लेख गर्दै उनले आवश्यक इच्छाशक्ति र तत्परताको अभावका कारण विगतमा विभिन्न निकायमा समस्या जटिल बनेको बताए । अब ती समस्याहरू समाधान गर्दै संस्थागत जिम्मेवारी बढाउनुपर्नेमा उनले जोड दिए ।
मन्त्री डा तिमिल्सिनाले केन्द्रमा रहेका उपकरणको प्रभावकारी उपयोग गर्न निर्देशन दिँदै ठूलो लगानीमा खरिद गरिएका उपकरण वर्षौंदेखि प्रयोगविहीन रहेकोप्रति असन्तुष्टि जनाए । करिब रु एक अर्ब बराबरका उपकरण, जेनेरेटरलगायत सामग्री प्रयोगमा ल्याउनुपर्नेमा उनले जोड दिए । तीन वर्षदेखि थन्किएर बसेका मेसिनहरू अहिले सञ्चालनमा ल्याइएको र छपाइ कार्य सम्भव भएको अवस्थामा विगतमा किन काम हुन सकेन भन्ने प्रश्न पनि उनले उठाए । निरीक्षणका क्रममा मन्त्री डा. तिमिल्सिनाले नागरिकको डाटा सुरक्षालाई उच्च प्राथमिकता दिन निर्देशन दिँदै सरकार जनताको हितमा मात्र सञ्चालन हुने स्पष्ट पारे । 'सरकार कसैको स्वार्थमा होइन, जनताको चाहनामा चल्छ', उनले भने । साथै, सेवाग्राहीलाई केन्द्रमा राखेर काम गर्न, गुनासो सुन्न र समाधान गर्न मन्त्रालय प्रतिबद्ध रहेको उनको भनाइ थियो । त्यसैगरी, देशभर मोबाइल नेटवर्क र इन्टरनेट सेवाको पहुँच तथा गुणस्तर सुधार गर्ने विषय पनि मन्त्रालयको प्राथमिकतामा रहेको मन्त्री डा. तिमिल्सिनाले बताए । नेपाल टेलिकमको सेवा गुणस्तरबारे आउने गुनासो समाधान गर्दै आगामी एक वर्षभित्र देशका सबै नागरिकलाई प्रविधिको पहुँचमा ल्याउने लक्ष्य राखिएको उनले उल्लेख गरे । सुरक्षित मुद्रण केन्द्रका कार्यकारी निर्देशक देवराज ढुंगानाले यो संस्थालाई दीर्घकालीन रूपमा बलियो बनाउने उद्देश्यले व्यावसायिक योजना तयार गरिरहेको जानकारी दिए । भविष्यमा यही केन्द्रबाट राहदानी, चेकबुक, स्मार्टकार्ड, हुलाक टिकट, अन्तःशुल्क स्टिकरलगायत महत्त्वपूर्ण कागजात छाप्ने सकिने उनको भनाई छ । केन्द्रले करिब रु आठ अर्बको बजेटसहित विस्तृत योजना सरकारसमक्ष पेस गरेको ढुंगानाको भनाइ छ । कार्यकारी निर्देशक ढुंगानाका अनुसार हाल दैनिक करिब ४० हजार हाराहारी लाइसेन्स छपाइ भइरहेको छ । विदेश जाने नेपाली नागरिकका लागि आवश्यक लाइसेन्सलाई प्राथमिकतामा राखिएको र यातायात व्यवस्था विभागबाट दैनिक करिब एक हजार आवेदन प्राप्त हुने गरेको उनले जानकारी दिए । यही वैशाख १२ गतेभित्र १२ लाख र बाँकी १७ लाख लाइसेन्स असार मसान्तसम्म छापिसक्ने लक्ष्य राखिएको उनको भनाइ छ । सो अवसरमा सांसदहरू मधुकुमार चौलागाईं, डा राम लामा, बदनकुमार भण्डारीलगायतको उपस्थिति रहेको थियो । मन्त्री डा. तिमिल्सिनाले केन्द्रको भौतिक पूर्वाधार, मेसिनरी तथा खाली भवनको अवस्थाबारे समेत जानकारी लिएका थिए ।
रासस

# विपद् जोखिम न्यूनीकरणः
# तीन दिनभित्र श्रोत यकिन गरिने

**काठमाडौँ ।**
प्रधानमन्त्री वालेन्द्र शाहसँग प्रतिनिधिसभा सदस्यहरूले छलफलमा उठाएका विपद्सम्बन्धी विषयहरूको वर्गीकरण गरी तीन दिनभित्र जोखिमका आधारमा प्राथमिकीकरण गर्ने र चालु आर्थिक वर्षभित्र सम्पन्न गर्न सकिने कामहरू असार १५ गतेभित्र सक्ने निर्णय भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी निकायका अधिकारीहरूको बैठकले आगामी सुक्खायाम र वर्षायाममा सम्भावित विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक स्रोत यकिन गर्ने तथा अपुग स्रोत तीन दिनभित्र माग गर्ने निर्णयसमेत गरेको छ ।
बैठकले सुक्खायाममा खडेरी र वन डढेलो तथा वर्षायाममा बाढी, पहिरो, डुबान र नदी कटानजस्ता मनसुनजन्य विपद्को रोकथाम र प्रतिकार्यका लागि आवश्यक स्रोत सम्बन्धित मन्त्रालयको विनियोजित बजेटबाट व्यवस्थापन गर्ने तथा अपुग हुने स्रोत अर्थ मन्त्रालयसँग माग गर्ने निर्णय गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।
बैठकले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत विभिन्न निकायमा उपलब्ध विपद् व्यवस्थापनसम्बन्धी उपकरण तथा सामग्रीको मौज्दात पाँच दिनभित्र एकीकृत विवरण तयार गर्ने निर्णय गरेको छ । आवश्यक थप उपकरणको विवरण सम्बन्धित निकायसँगको समन्वयमा तयार गरी प्राथमिकताका आधारमा खरिद गरेर उपलब्ध गराइनेछ, जसका लागि अर्थ मन्त्रालयले बजेट व्यवस्था गर्नेछ । विपद् व्यवस्थापनका सबै चरणमा सङ्घीय, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय गर्ने निर्णयसमेत बैठकले गरेको छ । साथै, मौसम तथा विपद्सम्बन्धी अन्तरदेशीय सूचना आदानप्रदानका लागि परराष्ट्र




मन्त्रालयमार्फत छिमेकी मुलुकसँग सहकार्य अघि बढाइनेछ ।
समग्र विपद् व्यवस्थापनकार्यलाई प्रभावकारी बनाउन सम्बन्धित निकायहरूले तत्काल सम्पर्क व्यक्ति (फोकल पर्सन) तोकी समन्वयलाई सुदृढ गर्ने निर्णय गरिएको बैठकमा सहभागी वन तथा वातावरण मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्माले जानकारी दिए । उनका अनुसार बैठकमा विपद् पूर्वतयारी, मनसुन आपत्कालीन कार्ययोजना र चुरे संरक्षण आयोजनाबारे समेत छलफल भएको थियो । साथै, प्रधानमन्त्री र प्रतिनिधिसभा सदस्यहरूबीचको छलफलका क्रममा उठेका तत्काल सम्बोधन गर्नुपर्ने विषयहरू प्रस्तुत गरिएको थियो ।
बैठकमा प्रधानमन्त्रीका सूचना तथा सञ्चार प्रविधि सल्लाहकार विवेक मिश्र, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव किरणराज शर्मा, अर्थसचिव घनश्याम उपाध्याय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडी, रक्षा मन्त्रालयका सचिव केदारनाथ शर्मालगायतका पदाधिकारीहरूको उपस्थिति रहेको थियो । साथै, विपद् व्यवस्थापन निर्देशनालय, जल तथा मौसम विज्ञान विभाग तथा जलस्रोत तथा सिँचाइ विभागका प्रतिनिधिहरू सहभागी थिए ।
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी सम्बन्धित निकायका अधिकारीहरूको बैठकले आगामी सुक्खायाममा खडेरी, वन डढेलोलगायत विपद् तथा वर्षायाममा बाढीपहिरो, डुबान, नदी कटान जस्ता मनसुनजन्य विपद्को रोकथाम, जोखिम न्यूनीकरण, विपद् प्रतिकार्यका लागि आवश्यकपर्ने स्रोत यकिन गरी सम्बन्धित मन्त्रालयको विनियोजित बजेटबाट खर्च व्यवस्था गर्ने, अपुग हुने स्रोत अर्थ मन्त्रालयसँग तीन दिनभित्र माग गर्ने निर्णय गरेको सचिव डा शर्माले बताए ।
बैठकले, प्रतिनिधिसभा सदस्यहरूले प्रधानमन्त्री वालेन्द्र शाहसँगको बैठकमा उठाएका देशका विभिन्न भूभागका विपद्सम्बन्धी विषयहरूको वर्गीकरण गरी तीन दिनभित्र जोखिमका आधारमा प्राथमिकीकरण गरेर चालु आर्थिक वर्षमा सम्पन्न गर्न सकिने कार्यहरू यस वर्षको असार १५ गतेभित्र सम्पन्न गरिसक्ने निर्णय गरेको छ । चालु आवको बाँकी अवधिमा सम्पन्न हुन नसक्ने तथा मध्यमकालीन र दीर्घकालीन प्रकृतिका कार्यहरू आगामी आवको बजेटमा प्राथमिकताका साथ समावेश गर्ने निर्णयसमेत भएको छ ।
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विभिन्न निकायमा रहेका विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यका लागि आवश्यक पर्ने यन्त्र उपकरण र अन्य सामग्रीहरूको मौज्दातको एकीकृत विवरण पाँच दिनभित्र तयार गर्ने निर्णय गरेको छ । आवश्यक पर्ने थप उपकरणको विवरण सम्बन्धित निकायहरूसँगको समन्वयमा तयार गरी प्राथमिकताका आधारमा खरिद गरेर सम्बन्धित निकायलाई उपलब्ध गराउने निर्णय भएको छ । यसका लागि अर्थ मन्त्रालयले आवश्यक बजेट व्यवस्था गर्ने निर्णय भएको हो ।
विपद् व्यवस्थापनका सबै चरणहरूमा नेपाल सरकारका सम्बन्धित मन्त्रालय र निकायहरूले प्रदेश सरकार र स्थानीय तहहरूसँग प्रभावकारी समन्वय गर्ने निर्णय भएको छ । मौसम र विपद्सँग सम्बन्धित अन्तरदेशीय सूचना एवं तथ्याङ्कहरू छिमेकी मुलुकका सम्बन्धित निकायहरूबाट प्राप्त गर्न नेपाल सरकारका निकायहरूले परराष्ट्र मन्त्रालयसँगको सहकार्यमा प्रक्रिया अघि बढाउने निर्णय भएको छ ।
विपद् व्यवस्थापनसम्बन्धी निकायहरूले समग्र विपद् व्यवस्थापन कार्यका लागि तत्काल सम्पर्क व्यक्ति (फोकल पर्सन) तोकी आपसमा समन्वय गरी कार्यसम्पादनलाई चुस्त बनाउने निर्णय भएको छ । आजको बैठकमा विपद् पूर्वतयारीको अवस्था तथा विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधनका विषयमा छलफल गरिएको थियो ।
यस्तै, मनसुन आपत्कालीन कार्ययोजना र चुरे संरक्षण आयोजनाबारे समेत छलफल भएको थियो । प्रधानमन्त्री शाह र प्रतिनिधिसभा सदस्यहरूबीचको छलफलका क्रममा उठेका तत्काल सम्बोधन गर्नुपर्ने विषयहरू बैठकमा पेस गरिएको थियो । सांसदहरूले बाढी, पहिरो, नदी कटानसँग सम्बन्धित उठेका विषयहरूमा तत्काल सम्बोधन गर्न सकिने विषयमा कारबाही थाल्न आग्रहसमेत गरिएको छ । बैठकमा विपद् व्यवस्थापन निर्देशनालय, जल तथा मौसम विज्ञान विभाग र जलस्रोत तथा सिँचाइ विभागका पदाधिकारीहरूको उपस्थिति रहेको थियो । प्रधानमन्त्रीले केही समयअघि सांसदहरूसँग छलफल गर्दा प्रकोपबारे पनि ध्यानार्कषण गराएका थिए ।
सांसदहरूले इलाम, सुनसरी, झापा, सोलुखुम्बु, रौतहट, महोत्तरी, सप्तरी, सर्लाही, कास्की, नवलपरासी सुस्तापूर्व, पाल्पा, बझाङ, कञ्चनपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, चितवन, काठमाडौँ, रसुवा, धादिङ, दोलखा, भक्तपुर, रामेछाप, लमजुङ, बाँके, पर्वत, म्याग्दी, बाग्लुङ र कैलाली जिल्लाहरूका तत्काल सम्बोधन गर्नुपर्ने विषयहरूमा यसअघि नै प्रधानमन्त्री शाहको ध्यानार्कषण गराएको थियो ।
तत्काल सम्बोधन गर्नुपर्ने मुख्य विषयहरूका रूपमा बाढी, कटान र डुबान नियन्त्रण, पानी निकास र सहरी ड्रेनेज प्रणाली सुधार , एकीकृत बाढी व्यवस्थापन गुरुयोजना कार्यान्वयन, पहिरो जोखिम न्यूनीकरण र बस्ती संरक्षण, उच्च जोखिममा रहेका बस्तीहरूमा तत्काल पहिरो रोकथाम, भूसंरक्षण, प्रभावित घरधुरीहरूको स्थानान्तरण, पुर्नवास, उच्च जोखिम जिल्लाका लागि विशेष विपद् वर्गीकरण र पूर्वसूचना र पूर्वतयारी प्रणाली, जलस्रोत तथा सिँचाइ व्यवस्थापन, सहरी बाढी व्यवस्थापन, ऊर्जा र जलविद्युत् पूर्वाधार, दीर्घकालीन पुनर्निर्माण र सुशासनका विषयहरू छन् ।
रासस

# घुम्तीगोठमा बाख्रा पालेर स्वरोजगार र आत्मनिर्भर



**म्याग्दी ।**
रोजगारका लागि बहराइनमा पुगेका धवलागिरि गाउँपालिका–३ फलीयागाउँका ३९ वर्षीय भीम भण्डारीलाई स्वास्थ्यले साथ नदिएपछि चार वर्षमै घर फर्किए । तीन छोराछोरी, वृद्ध बुबाआमा, भाइबहिनीहरूको पठनपाठनदेखि घरव्यवहार चलाउने भीम विदेशबाट फर्किँदा निरास भए पनि हिम्मत हारेनन् । विदेशबाट फर्किएपछि बेरोजगार बनेका भीमलाई बाख्रापालन गर्ने सोच पलायो । आठ वर्षअघि सुरु गरेको घुम्तीगोठमा बाख्रापालन व्यवसायले उनलाई स्वरोजगारका साथै आत्मनिर्भर बनाएको हो ।

विदेशबाट फर्किनुपर्दा घरव्यवहार चलाउने खर्च कसरी जुटाउने भनेर पिरोलिएको थिएँ, उनले भने, घुम्तीगोठमा बाख्रापालन सुरु गरेपछि रोजगारी र घरव्यवहार चलाउनकै लागि पैसा कमाउन विदेश नै जानुपर्दो रहनेछ भन्ने महसुस भयो । भीमले बुबा लालबहादुर भण्डारीले पितापुर्खाको पालादेखि नै गर्दै आएको बाख्रापाल्ने पेसालाई व्यवस्थित गरेर निरन्तरता दिए । पचास वटाबाट सुरु भएको भीमको गोठमा हाल एक सय ५० स्थानीय खरी जातका बाख्रा छन् । उनलाई बाख्रापालनमा श्रीमती विपनाले साथ दिइन् ।

वार्षिक १५ देखि २० वटा खसीबोका र त्यति नै सङ्ख्यामा पाठापाथी तथा माउ बाख्रा बिक्री गर्ने भण्डारी दम्पती बाख्रापालनबाट सन्तुष्ट छन् । गोठमा बाख्राको सङ्ख्या धेरै हुँदा दुई सय वटासम्म पुगेको थियो, विपनाले भनिन्, अर्काको देशमा गर्ने दुःख आफ्नै ठाउँमा गर्ने हो भने आत्मनिर्भर भइनेरहेछ । अग्ला र धेरै तौल हुने खरी स्थानीय जातको बाख्रा हो । औसतमा एक बेतमा एकवटा पाठापाठी जन्माउने खरीका खसी दुई वर्ष पालेपछि प्रतिगोटा रु २० हजारमा बिक्री हुने विपनाले बताइन् । धेरै सङ्ख्यामा दानापानी र घाँस पुर्याउन नसकिने हुँदा ग्रामीण क्षेत्रका किसानले घुम्तीगोठमा बाख्रापालन गर्छन् । कात्तिकमा बेँसी झरेका भण्डारी दम्पतीका बाख्रागोठ हिजोआज फलीगाउँको फेदीमा रहेको हुचिनमा छ ।

चिसो हुने भएकाले हुचिनभन्दा अझ न्यायो र बेँसी सोलवाङमा गोठ राखिएको थियो । वैशाखको अन्तिम साता चरनका लागि बाख्रागोठ ढोरपाटन लैजाने उनीहरूको योजना छ । जेठ, असार र साउनमा गुर्जाघाट चर्ने बाख्रा भदौ र असोजमा त्यो भन्दा माथिको बुकी अनेरीमा पुग्छन् । किसानले पशुका लागि आवश्यक पर्ने पोषिलो आहारा पाइने चरन क्षेत्रलाई बुकी भन्छन् ।

त्रिपालको टहरामा रात कटाउने उनीहरूले बाख्राको सुरक्षाका लागि पाँचवटा कुकुर पालेका छन् । कुकुरले चितुवालगायत जङ्गली जनावरको गतिविधिलाई निगरानी गर्ने, बाख्रालाई बचाउने, भुकेर सूचना दिने र कतिपय अवस्थामा जङ्गली जनावरसँग भिडेर भगाई सहयोग गर्ने विपनाले सुनाए । आफ्नै नाममा जग्गा जमिन नहुँदा व्यवसाय दर्ता गर्न नपाएका उनीहरूले बाख्रापालनलाई नै निरन्तरता दिने र जीविकोपार्जनको माध्यम बनाउने बताएका छन् ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले अभियानकै रूपमा महामारीजन्य रोग पिपिआरविरुद्धको खोप र धवलागिरि गाउँपालिकाले प्राविधिक सेवा, त्रिपाल र सौर्य ऊर्जा सहयोग गरेको छ । महामारीबाहेकको अवस्थामा पनि बाख्राको औषधि उपचार निःशुल्क गर्ने र पशु बीमाका लागि सहजीकरण गरिदिन भण्डारी दम्पतीले राज्यका निकायसँग अनुरोध गरेका छन् । रासस

# उन्नत बीउ उत्पादनमा अनुदान लिन आह्वान




**काठमाडौँ ।**
कृषि विभागले उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन स्थानीय तहलाई आह्वान गरेको छ । विभागले स्थानीय तहले उन्नत बीउ माग तथा बीउ उत्पादकले आपूर्तिको अवस्था तथा विवरण पठाउन यही वैशाख १० गतेसम्म समयसिमा तोकेको हो ।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले स्थानीय तहमार्फत उत्पादन हुने उन्नत बीउबिजनको प्रयोगमा मूल्य अनुदानमा सहभागी हुन बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहलाई आग्रह गरे ।

कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले विभागद्वारा उन्नत बीउबिजन उत्पादनमा प्रोत्साहनस्वरूप अनुदान उपलब्ध गराइँदै आएको छ । अनुमति प्राप्त स्रोत बीउ उत्पादकका हकमा मोटो÷मध्यम प्रकृतिका जातका लागि प्रतिकेजी रु २०, मसिनो प्रकृतिका जातका लागि प्रतिकेजी रु २३ र खुमल श्रृङ्खलाका जातका हकमा प्रतिकेजी रु ३४ अनुदान रकम उपलब्ध गराउने विभागले जनाएको छ ।

महानिर्देशक सञ्जेलका अनुसार उन्नत बीउ उत्पादकका हकमा मोटो÷मध्यम प्रकृतिका जातहरूका लागि प्रतिकेजी रु १७, मसिनो प्रकृतिका जातहरूका लागि प्रतिकेजी रु २२ र खुमल श्रृङ्खलाका जातहरूका हकमा प्रतिकेजी रु ३० अनुदान रकम उपलब्ध गराइने छ । उन्नत बीउ प्रयोगमा किसानलाई अनुदानका हकमा सबै जातका धानमा कार्यविधि बमोजिम तोकिएको मूल्यको ५० प्रतिशत अनुदान उपलब्ध गराउने विभागले जनाएको छ । रासस

# भक्तपुर महोत्सवः एक लाखभन्दा बढीको आगमन



**भक्तपुर ।**
नयाँ वर्ष २०८३ सालको अवसर पारेर भक्तपुरको सल्लाघारी सञ्चालन भइरहेको 'दशौँ भक्तपुर औद्योगिक, सांस्कृतिक, पर्यटन, कृषि तथा व्यापार महोत्सव–२०८२÷०८३' शुक्रबार सम्म एक लाखभन्दा बढी दर्शक तथा उपभोक्ताले भ्रमण गरेका छन् ।

औद्योगिक शान्ति नेपाल संस्थाले चैत २६ गतेदेखि सञ्चालन गरेको महोत्सवमा आज नौ दिनसम्म एक लाखभन्दा बढी दर्शक तथा उपभोक्ताको आगमन भइसकेको संस्थाका अध्यक्ष सन्दीप महतले जानकारी दिएका छन् ।

महोत्सवमा एकै छानामुनि दैनिक उपभोग्य सामग्री र विभिन्न सामान पाउने भएपछि उपभोक्ताको भीड बढ्दै गएको र शुक्रबार सम्म १८० भन्दा बढी कक्षबाट ५० लाखभन्दा बढीको कारोबार भएको उनले जानकारी दिएका छन् ।

स्थानीय उत्पादनलाई बजार प्रवद्र्धन गर्ने, राष्ट्रिय तथा अन्तरराष्ट्रिय ब्रान्डका विभिन्न सामान एकै थलोमा सुपथ मूल्यमा उपलब्ध गराउने, भक्तपुरको कला, संस्कृति, उत्पादन र सांस्कृतिक परम्परालाई एकै थलोमा प्रर्दशन गर्दै प्रचार गर्ने उद्देश्यले नयाँ वर्षको अवसरमा महोत्सव आयोजना गरेको उनले जानकारी दिएका छन् ।

महोत्सवमा मानवीय दैनिक जीवनमा प्रयोगमा आउने दैनिक उपभोग्य सामग्री, खाद्यान्नका सामग्री, विभिन्न प्रकारका लत्ताकपडा, जुत्ता, कृषि तथा हस्तकलाका सामग्री, औद्योगिक उत्पादन, काष्ठकला, माटोका भाँडा, स्थानीय घरेलु उत्पादन, सूचना तथा विज्ञान प्रविधि, अटोमोबाइल, विद्युतीय मेसिन, कृषि औजार, मोबाइल तथा इलेक्ट्रोनिक्स सामानको प्रदर्शनी तथा बिक्री लागि राखिएको उनले जानकारी दिएका छन् ।

वैशाख ६ गतेसम्म सञ्चालन हुने महोत्सवमा दैनिक उपभोग्य सामग्री, लत्ताकपडाको स्टलमा दैनिक उपभोक्ताको भीड लागेको उनले जानकारी दिएका छन् । महोत्सवमा मुख्य आकर्षणका रूपमा राखिएको 'लन्डन ब्रिज'मा फोटो तथा भिडियो खिच्नेहरूको उत्तिकै भीड देखिन्छ भने बालबालिकादेखि यवायुवतीसम्म बाल उद्यान, रोटे पिङ, ड्रागन ट्रेन, नाउ तथा बच्चाको विभिन्न प्रकारको खेलौना, र विभिन्न प्रकारका खानामा उपभोक्ताको त्यत्तिकै भीड देखिन्छ ।

दैनिक चर्चित गायक–गायिकाको सांस्कृतिक महोत्सव

महोत्सवमा दैनिक रूपमा चर्चित गायकगायिकाले यहाँको साङ्गीतिक माहोललाई महोत्सवका रूपमा परिणत गरेको छ । राष्ट्रियस्तरका ख्यातिप्राप्त कलाकारको गीत, सङ्गीतले महोत्सवमा युवापुस्ताको भीड उत्तिकै बढेको छ ।

चर्चित गायक रामकृष्ण ढकालदेखि गायिका रचना रिमालसम्मले महोत्सवलाई उत्सवमय बनाएका छन् । गायिका एलिना चौहान, मञ्जु पौडेल, रोज मोक्तान, मदन विष्ट, रमेश मेलोडी, जङ्की रोयल्स ब्यान्ड, भोजराज काफ्लेलगायत दर्जन कलाकारको दैनिक प्रस्तुतिले साङ्गीतिक महोत्सवमय बनेको छ ।

भक्तपुरमा पहिलोपटक भक्तपुर वाइल्ड फायर नाइट

महोत्सवकै अवसरमा आज शनिबार साँझ प्रमोद खरेल एन्ड परम्परा ब्यान्ड र दुर्गेश थापाको प्रस्तुति रहनेगरी भक्तपुर वाइल्ड फायर नाइटको आयोजना गर्ने भएको शुक्रबार संस्थाका अध्यक्ष महतले जानकारी दिएका छन् ।

कन्सर्टमा दुश्मन हेरेको हेरैलगायतका दर्जनौँ चर्चित गीत गाएका थापा र चर्चित गायक खरेल एन्ड परम्परा ब्यान्डको भव्य प्रस्तुति रहने उनले जानकारी दिए । अध्यक्ष महतले भक्तपुरमा पहिलोपटक दुर्गेश र खरेलले एकै मञ्चमा र एकैपटक प्रस्तुति दिन लागेको जानकारी दिँदै यो जोडीको प्रस्तुति हेर्न हजारौँ दर्शकको आगमन हुनेगरी तयारी पूरा गरेको जानकारी दिएका छन् । साङ्गीतिक प्रस्तुतिसँगै हाँस्यव्यङ्ग्य, फेसन शो, नृत्य प्रतियोगिताले महोत्सवलाई थप आकर्षण बनाएको उनले बताउछन् । रासस

# रूसतर्फ अफ्रिकी किसान सार्ने पहल



**जोहानेसबर्ग ।**
दक्षिण अफ्रिकी श्वेत किसानहरूलाई रुसमा पुनःस्थापित गर्ने पहल सार्वजनिक भएसँगै अन्तर्राष्ट्रिय राजनीति, आप्रवासन नीति र जातीय बहस एकैसाथ तातिएको छ । टेक अर्बपति एलन मस्कका पिता एरोल मस्कले दक्षिण अफ्रिकी किसानहरूलाई रूसी भूमिमा शरणार्थीको दर्जा दिलाउने परियोजनामा काम गरिरहेको जानकारी दिएका छन् । यो पहल अमेरिकी सरकारको समान कार्यक्रमसँग समानान्तर रूपमा अघि बढिरहेको देखिएको छ । टेलिफोनमार्फत मस्कोबाट एएफपीसँग कुरा गर्दै एरोल मस्कले यो योजना दक्षिण अफ्रिकी किसानहरूलाई शरणार्थीका रूपमा रुसमा बसोबास गराउने उद्देश्यले अघि बढाइएको स्पष्ट पारे । रुसी अधिकारीहरूका अनुसार प्रारम्भिक चरणमा डच मूलका श्वेत अफ्रिकानर समुदायका करिब ५० परिवारलाई रूसमा पुनःस्थापित गर्ने तयारी भइरहेको छ । यही समूहलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले पनि शरणार्थीको रूपमा संयुक्त राज्य अमेरिकामा बसोबास गराउने प्रस्ताव अघि सारेको थियो । उक्त प्रस्तावमा रंगभेदपछिको दक्षिण अफ्रिकी सरकारले श्वेत अल्पसंख्यकलाई सताएको भन्ने दाबी गरिएको थियो, जसलाई दक्षिण अफ्रिकी सरकारले पूर्ण रूपमा अस्वीकार गर्दै आएको छ । ट्रम्प प्रशासनले गत वर्ष जनवरीमा पदभार ग्रहण गरेपछि करिब पाँच हजार श्वेत अफ्रिकीहरूलाई शरणार्थीका रूपमा अमेरिका प्रवेश गराइसकेको छ भने अन्य समूहका लागि शरणार्थी कार्यक्रमहरू रोकेको छ ।

देशभित्र कुनै जातीय भेदभाव नरहेको दाबी गर्दै आएको प्रिटोरिया (अफ्रिकी सरकार) लाई अमेरिकी नीतिले असन्तुष्ट बनाएको छ । यसैबीच रूसमा अघि बढाइएको नयाँ पहलले पनि दक्षिण अफ्रिका र रूसबीचको सम्बन्धमा प्रभाव पार्न सक्ने विश्लेषण हुन थालेको छ । रूसको भ्लादिमिर क्षेत्रका गभर्नर अलेक्सान्डर अभ्डेयेभले एरोल मस्कसँग यस परियोजनाबारे छलफल भएको पुष्टि गर्दै कृषि विकाससँगै दक्षिण अफ्रिकाबाट आएका परिवारहरूलाई बसोबास गराउने सम्भावनाबारे कुराकानी भएको बताए । उनले सामाजिक सञ्जाल टेलिग्राममार्फत करिब ५० परिवारलाई बसोबास गराउने विषयमा छलफल भएको जानकारी दिए ।

एरोल मस्क नियमित रूपमा रूस भ्रमण गर्ने व्यक्तिका रूपमा चिनिनुहुन्छ र हालै उनले मस्कोमा आयोजित अर्थोडक्स इस्टर धार्मिक कार्यक्रममा पनि सहभागिता जनाएका थिए, जहाँ रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको उपस्थिति रहेको थियो । उनले रुसी सञ्चारमाध्यमसँगको अन्तर्वार्तामा दक्षिण अफ्रिकी श्वेत किसानहरू हत्या तथा हिंसाको जोखिममा रहेको दाबी गर्दै परियोजनालाई उचित ठहराउने प्रयास गरेका थिए, तर यस्ता आरोपहरू दक्षिण अफ्रिकी सरकारले कडा रूपमा अस्वीकार गर्दै आएको छ ।

यसैबीच एलन मस्कले पनि दक्षिण अफ्रिकामा आफ्ना व्यवसायिक गतिविधिहरूलाई लिएर असन्तुष्टि व्यक्त गर्दै आएका छन् । उनले आफ्नो स्टारलिङ्क इन्टरनेट सेवाले लाइसेन्स नपाएको विषयलाई जातीय भेदभावसँग जोड्दै आलोचना गरेका छन् । हालै सामाजिक सञ्जालमा उनले आफू कालो नभएकै कारण अनुमति नपाएको दाबी गरेका थिए, जसको दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल रामाफोसाका प्रवक्ताले कडा खण्डन गर्दै त्यसलाई ककझुट र गलत सूचना' बताए ।

दक्षिण अफ्रिकामा रंगभेदपछिको असमानता कम गर्न बनाइएका कानूनअनुसार ठूला कम्पनीहरूमा कम्तीमा ३० प्रतिशत स्वामित्व ऐतिहासिक रूपमा वञ्चित समुदायलाई दिनुपर्ने व्यवस्था रहेको छ, जसले विदेशी लगानीकर्ताहरूका लागि केही जटिलता सिर्जना गर्ने गरेको छ । एरोल मस्क स्वयं पनि विवादास्पद अभिव्यक्तिका कारण चर्चामा रहने व्यक्तिका रूपमा चिनिनन्छन् । गत वर्ष उनले रंगभेदकालीन उत्पीडनलाई अस्वीकार गर्ने अभिव्यक्ति दिएका थिए, जसले व्यापक आलोचना निम्त्याएको थियो । विश्लेषकहरूका अनुसार रूसतर्फ दक्षिण अफ्रिकी किसान सार्ने पहलले केवल आप्रवासनको विषय मात्र नभई भू–राजनीतिक सन्देश पनि बोकेको हुन सक्छ । साउथ अफ्रिकन इन्स्टिच्युट अफ इन्टरनेसनल अफेयर्ससँग सम्बद्ध पूर्व अनुसन्धानकर्ता फ्रेडरिक भोन ट्रेस्कोले यस पहललाई ककचाखलाग्दो' भन्दै यसले प्रिटोरिया र मस्कोबीच तनाव सिर्जना गर्न सक्ने बताए ।

इतिहासतः दक्षिण अफ्रिका र रूसबीच घनिष्ठ सम्बन्ध रहँदै आएको छ । यो रंगभेदविरुद्धको आन्दोलनका बेला सोभियत सङ्घले अफ्रिकी नेसनल कंग्रेसलाई दिएको समर्थनसँग जोडिएको छ । तर हालका घटनाक्रमले दुवै देशबीचको सम्बन्ध नयाँ मोडमा प्रवेश गर्न सक्ने संकेत देखाएका छन् । यसै सन्दर्भमा दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल रामाफोसाले हालै युक्रेन युद्धमा संलग्न भएका आफ्ना नागरिकहरूलाई फिर्ता गराउन सहयोग गरेको भन्दै पुटिनप्रति कृतज्ञता व्यक्त गर्नुभएको थियो । तीमध्ये १५ जना स्वदेश फर्किसकेका छन् ।

अर्कोतर्फ, हालै सार्वजनिक भएको एक अनुसन्धानात्मक रिपोर्टमा अफ्रिकी नेसनल कंग्रेसका महासचिव फिकिले मबलुलाले सन् २०२४ को आम निर्वाचनअघि रूसी प्रभावसँग सम्बन्धित व्यक्तिहरूसँग सहयोग लिएको उल्लेख गरिएको थियो । सोही रिपोर्टमा उनले पार्टी गतिविधिका लागि आर्थिक सहयोग माग गरेको दाबी पनि गरिएको छ, जसलाई उनले अस्वीकार गर्दै 'गलत सूचना अभियान' को संज्ञा दिए । रासस

# पश्चिम एसिया युद्धमा टर्कीको कूटनीतिक पहल

**काठमाडौँ ।**
पश्चिम एसियामा जारी युद्ध र त्यसले निम्त्याएको क्षेत्रीय तथा विश्वव्यापी तनावबिच टर्कीले उच्चस्तरीय कूटनीतिक पहल अघि बढाएको छ ।

पाकिस्तान, साउदी अरेबिया र इजिप्टका विदेशमन्त्रीहरूलाई एकै ठाउँमा ल्याउँदै टर्कीले शुक्रबार अन्टाल्यामा महत्त्वपूर्ण कूटनीतिक फोरम आयोजना गरेको छ । यसलाई युद्धविरामलाई स्थायी बनाउने प्रयासको रूपमा हेरिएको छ ।

भूमध्यसागर किनारको पर्यटकीय सहर अन्टाल्यामा सुरु भएको तीन दिने 'अन्टाल्या डिप्लोमेसी फोरम' लाई राष्ट्रपति रेसेप तैयप एर्दोगानले सम्बोधन गर्दै तनाव घटाउने र वार्तालाई निरन्तरता दिने आवश्यकतामा जोड दिए । उनले संसद्मा यसअघि दिएको अभिव्यक्तिलाई दोहो¥याउँदै वार्ता बिना समाधान सम्भव नभएको उल्लेख गरेका थिए ।

यस फोरमको साइडलाइनमा टर्की, पाकिस्तान, साउदी अरेबिया र इजिप्टका विदेशमन्त्रीहरूबीच विशेष बैठक हुने तयारी गरिएको छ । यद्यपि बैठकको समय सार्वजनिक गरिएको छैन, तर छलफलको मुख्य केन्द्रविन्दु पश्चिम एसिया युद्ध, युद्धविरामको भविष्य र स्ट्रेट अफ होर्मुजमा जारी नाकाबन्दी रहने अपेक्षा गरिएको छ ।

यसै सन्दर्भमा पाकिस्तानले क्षेत्रीय कूटनीतिमा आफ्नो सक्रियता बढाएको छ । गत सप्ताहन्तमा उसले इरान र संयुक्त राज्य अमेरिकाबीच दुर्लभ वार्ता आयोजना गरेको थियो, जुन निष्कर्षविहीन भए पनि संवादको ढोका खुला राख्न सफल भएको मानिएको छ । बिहीबार पाकिस्तानी सेना प्रमुखले तेहरानमा वरिष्ठ इरानी वार्ताकारहरूसँग भेटवार्ता गरी वार्ता प्रक्रियालाई अगाडि बढाउने प्रयास गरेका थिए ।

अमेरिकी प्रशासनले पनि इरानसँगको अर्को चरणको वार्ता इस्लामाबादमा हुन सक्ने सङ्केत दिएको छ । यसअघि भएको वार्तामा अमेरिकी प्रतिनिधिमण्डलको नेतृत्व उपराष्ट्रपति जेडी भान्सले गरेका थिए । यसैबिच पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले क्षेत्रीय भ्रमणका क्रममा कतारको दोहामा त्यहाँका शासकसँग भेटघाट गर्नुभएको छ र अन्टाल्या फोरममा सहभागी हुँदै राष्ट्रपति एर्दोगानसँग पनि छलफल गर्ने कार्यक्रम रहेको छ । इस्लामाबादले अमेरिका–इरान वार्ताको दोस्रो चरण चाँडै सुरु गराउन दबाब दिइरहेको छ ।

टर्कीले पनि कूटनीतिक प्रयासलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ । रक्षा मन्त्रालयका एक स्रोतका अनुसार अस्थायी युद्धविरामलाई स्थायी बनाउन आवश्यक सबै सहयोग प्रदान गरिनेछ । स्रोतले युद्धको प्रभाव क्षेत्रीय मात्र नभई विश्वव्यापी रूपमा फैलिएको उल्लेख गर्दै छिटो समाधान आवश्यक रहेको बताएको छ ।

इजरायलप्रति आलोचनात्मक दृष्टिकोण राख्दै आएको टर्कीले पनि युद्धविराम प्रयासमा सक्रिय भूमिका खेलिरहेको छ । इजिप्ट र पाकिस्तानसँग मिलेर टर्कीले द्वन्द्व रोक्न कूटनीतिक पहललाई अघि बढाएको छ । अन्काराले लेबनानलाई समेत युद्धविराम प्रक्रियामा समावेश गर्नुपर्ने धारणा राख्दै आएको छ, जहाँ इजरायली आक्रमणको प्रभाव देखिएको छ । विदेशमन्त्री हाकान फिदानले स्ट्रेट अफ होर्मुजलाई सकेसम्म चाँडो पुनः सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिए ।

उनले उक्त जलमार्गलाई अन्तर्राष्ट्रिय स्वतन्त्र मार्गका रूपमा कायम राख्नुपर्ने बताउँदै त्यहाँ कुनै पनि अवरोध स्वीकार्य नहुने स्पष्ट पारे ।

अन्टाल्या फोरममा १५० भन्दा बढी देशका प्रतिनिधिहरू सहभागी हुने अपेक्षा गरिएको छ, जसमा २० भन्दा बढी राष्ट्र तथा सरकार प्रमुखहरू रहनेछन् । सिरियाका राष्ट्रपति अहमद अल–सारा र रुसी विदेशमन्त्री सर्गेई लाभरोभको उपस्थिति पनि रहने जनाइएको छ । रासस

कम्पनी रजिष्ट्रार द.नं. १०९१/०६५/०६६ ने.रा.बैंक/इ.प्रा/घ/२६/०६९/०७०

# विजय लघुवित्त वित्तीय संस्था लि.
# Vijaya Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तर)
*Banking With Happiness*

केन्द्रीय कार्यालय : धुलिखेल ३, काभ्रेपलान्चोक
फोन नं : ०११-४९०६७१ / ०११-४९०६७२
E-mail: vlbs@vlbs.com.np
Website: https://vlbs.com.np

## कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८३/०१/०५ गते, मधेश दृष्टि, राष्ट्रिय दैनिक**

यस **विजय लघुवित्त वित्तीय संस्था लि.**को विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा र ब्याज रकम शर्त बमोजिम यस वित्तीय संस्थामा समयमै दाखिला गर्नुपर्नेमा हालसम्म नतिरी/नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकिता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले कर्जा भुक्तान गर्ने बारे यो **३५ (पैंतीस)** दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी संस्थालाई तिर्न/बुझाउनु पर्ने बाँकी ऋणको साँवा र ब्याज भुक्तान गर्नुहुन सम्बन्धित ऋणीलाई यसै सूचना मार्फत सूचीत गरिन्छ। अन्यथा उपरोक्त तोकिएको म्याद भित्र वित्तीय संस्थालाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा यस वित्तीय संस्थाको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजाय ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सो को नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम र यस वित्तीय संस्था बीच भएका लिखतको शर्त अनुसार यस वित्तीय संस्थाको लिन बाँकी रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही गर्न सकिने साथै ऋणीलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा सुचीकृत गरिने छ। धितो सुरक्षण मार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम कानुनी कारबाहीको प्रक्रिया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरूलाई यसै सूचनाद्वारा जानकारी गराउंदछौं।

| क्र.स | ऋण लिएको शाखा | ऋणीहरुको नाम | ठेगाना | | नागरिकताको बिवरण | | | तिन पुस्ते विवण | | | जमानीकर्ताको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | हालको | ना. प्र. नं | जारी मिति | जिल्ला | पति/पत्नीको नाम | बाबुको नाम | बाजेको नाम/ससुराको नाम | |
| १ | सन्तपुर | गिता देवी महरा | सन्तपुर म.-६, रौतहट | चन्द्रपुर-७, रौतहट | ३२२०८१/४४२८ | २०६७/०८/१७ | रौतहट | राम किशोर महरा | राजिन्द्र महरा | /आपस महरा | राम किशोर महरा |
| २ | सन्तपुर | जमिन्दर महरा | चन्द्रपुर-७, रौतहट | चन्द्रपुर-७, रौतहट | ३२३०४८/१३० | २०६३/१०/११ | रौतहट | सुनिता देवी | सुखल महरा | निरस महरा | सुनिता देवी |
| ३ | सन्तपुर | राम देव साह | सन्तपुर म.-६, रौतहट | चन्द्रपुर-७, रौतहट | ३२३०८१/११८ | २०६८/०६/०३ | रौतहट | ललीता देवी साह | हिदृय साह | मनुप साह | ललीता देवी साह |
| ४ | सन्तपुर | प्रमोद कुमार विश्वकर्मा | डुमरिया (म)-४, रौतहट | डुमरिया-४, रौतहट | ३२३०८२/४८४ | २०७०/०४/३१ | रौतहट | सकुन्तला विश्वकर्मा | पशुराम विश्वकर्मा | वुद्धिमान विश्वकर्मा | सकुन्तला विश्वकर्मा |
| ५ | सन्तपुर | सिकिन्द्र ठाकुर | सन्तपुर म.-६, रौतहट | सन्तपुर म.-६, रौतहट | ३२२०८१/१८२० | २०६९/०९/०८ | रौतहट | मुन्द्रिका कुमारी ठाकुर | सियाराम ठाकुर | सत्यनरायण ठाकुर | मुन्द्रिका कुमारी ठाकुर |
| ६ | सन्तपुर | सलमा खातुन | डुमरिया-२, रौतहट | डुमरिया-२, रौतहट | ३५२९ | २०४६/०३/१० | रौतहट | हदिश देवान | ओलि मिया | /अकिजम देवान | हदिश देवान |
| ७ | सन्तपुर | पुन माया मगरनी | डाँडागाँउ-५, काभ्रे | चन्द्रपुर-९, रौतहट | ३८६३/३२१ | २०४५/०२/१९ | काभ्रे | लाल बहादुर राणा मगर | बखत बहादुर | /एक बहादुर राना मगर | तेज बहादुर राना मगर |
| ८ | सन्तपुर | सँभ्रा देवि थरुनी | चन्द्रनिगाहपुर-८, रौतहट | चन्द्रपुर-८, रौतहट | ६५७८ | २०३५/०९/१० | रौतहट | रामवरण चौधरी | जानकारी नभएको | /सन्तोष चौधरी | रामवरण चौधरी |
| ९ | सन्तपुर | पुजा कुमारी | गुजरा-४, रौतहट | गुजरा-४, रौतहट | ३२-०२-७५-०२७५४ | २०७५/०६/११ | रौतहट | उपेन्द्र दास | गौरी शँकर खाँ | /रामचन्दर दास | दिपेन्द्र दास |
| १० | सन्तपुर | गिरजा कुमारी राम | कनकपुर-२, रौतहट | गुजरा-४, रौतहट | ३२२०६३/१३३ | २०६८/११/१८ | रौतहट | जिया लाल महरा | मँगीरा महरा | /रघुनि राम | जियालाल महरा |
| ११ | सन्तपुर | रुपझरीया कुमारी | कनकपुर-२, रौतहट | गुजरा-४, रौतहट | ३२३०६३/९५ | २०७०/०२/२७ | रौतहट | शिवदयाल महरा | खहेरु महरा चमार | /रघुनन्दन राम | जयमँगल महरा |
| १२ | सन्तपुर | सँजय प्रसाद पटेल | विश्रामपुर-४, रौतहट | चन्द्रपुर-१०, बालचनपुर, रौतहट | ७१९१ | २०५९/०२/२४ | रौतहट | कुमारी स्नेहा देवी | रामईश्वर राउत | अनन्त राउत कुर्मी | कुमारी स्नेहा देवी |
| १३ | सन्तपुर | प्रभु महरा चमार | भसेढवा-३, रौतहट | कटहरिया-१, रौतहट | ५९१७ | २०६२/०३/०२ | रौतहट | प्रमिला देवि | दशै महरा चमार | चलिता महरा चमार | प्रमिला देवि |
| १४ | सन्तपुर | कोशीला देवी | चन्द्रपुर-३, रौतहट | चन्द्रपुर-५, रौतहट | ३२२०८०-१८१६ | २०७१/०९/१९ | रौतहट | प्रमोद ठाकुर | जगरुप ठाकुर | /फौजी ठाकुर | नविन ठाकुर |
| १५ | सन्तपुर | सन्झा कुमारी देवी साह | चन्द्रनिगाहपुर-५, रौतहट | चन्द्रपुर-८, रौतहट | ३२२०८०/१२४७ | २०६६/०८/२५ | रौतहट | राजाराम साह | रामजी साह कल्वार | /जोगी साह कलवार | राजाराम साह |
| १६ | सन्तपुर | सुसिला देवी | जुडीवेला-५ रौतहट | चन्द्रपुर-२, रौतहट | ३२३०७९/२७४ | २०६३/११/०८ | रौतहट | पवन कुमर | पुनड कुमर | /गौनैर कुमर | सुकमिया महतो(कुमर) |
| १७ | सन्तपुर | अमृता चौधरी | सन्तपुर-३, रौतहट | चन्द्रपुर-८, रौतहट | १६०४ | २०६०/०९/१५ | रौतहट | विदानन्द चौधरी | भाग्य नारायण चौधरी | /सुरज चौधरी | विश्वदिप राज चौधरी |
| १८ | सन्तपुर | फुल कुमारी माझी | सन्तपुर(म)-२, रौतहट | चन्द्रपुर-८, रौतहट | ३२३०८१/१०१३ | २०६३/१२/०१ | रौतहट | राम ईश्वर माझी | कृष्णा माझी | /सोमन माझी | राम ईश्वर माझी |
| १९ | सन्तपुर | दुलरिया कुमारी चौधरी | चन्द्रपुर-१०, रौतहट | चन्द्रपुर-८, रौतहट | ३२२०८०/८२५ | २०७१/०६/२८ | रौतहट | नन्द लाल चाधरी | रोगाइ चौधरी | /कनन चाधरी | नन्द लाल चाधरी |
| २० | सन्तपुर | रामकली देवी चौधरी | चन्द्रनिगाहपुर-५, रौतहट | चन्द्रपुर-८, रौतहट | ३२२०८१/२५३० | २०७०/११/०६ | रौतहट | अनत चौधरी | कमल चौधरी | /सोबाई चाधरी | गोतम चौधरी |
| २१ | सन्तपुर | सोन मतिया चौधरी | मनहर्वा-३, रौतहट | चन्द्रपुर-८, रौतहट | २३६३ | २०४४/१२/२७ | रौतहट | खुशी धामी | रामलाल धामी | /चेथरु धामी | खुशी धामी |
| २२ | सन्तपुर | चम्पादेवी चौधरी | चन्द्रपुर-१२, रौतहट | चन्द्रपुर-८, रौतहट | ३२२०८०/२८१० | २०७३/०३/०८ | रौतहट | सुरेश चौधरी | भागवत चौधरी | /राम प्रसाद चौधरी | सुरेश चौधरी |
| २३ | सन्तपुर | निर्मला चौधरी | डुमरिया म.-९, रौतिहट | चन्द्रपुर-५, रौतहट | २४२० | २०६०/११/१२ | रौतहट | प्रमोद चौधरी | रामचन्द्र चौधरी | /हेम नारायण चौधरी | प्रमोद चौधरी |
| २४ | सन्तपुर | मन्जु कुमारी कुमर | हरिहरपुर-६, रौतहट | चन्द्रपुर-५, रौतहट | १९३०९३/१०७८ | २०६३/११/२४ | रौतहट | रामबाबु कुवर | खहरु कुमर | /लोस्या कुमर | रामबाबु कुवर |
| २५ | सन्तपुर | कमल कुमारी धामी | चन्द्रपुर-५, रौतहट | चन्द्रपुर-५, रौतहट | ३२२०८०/१५५ | २०६८/०५/१२ | रौतहट | हरिकृष्णा धामी | लखन कुमर | /सोहराई धामी | हरिकृष्णा धामी |
| २६ | सन्तपुर | नसिरा खातुन | गरुडा-९, रौतहट | वृन्दावन-६, रौतहट | ३२-०२-७४-०४४८४ | २०७४/०९/०५ | रौतहट | महम्द मनजुर मिया | मँसुर मिया कवाडी | /अबदुल मिया | महम्द मनजुर मिया |
| २७ | सन्तपुर | सेहरुन खातुन | कनकपुर-५, रौतहट | चन्द्रपुर-६, रौटहट | ३२०२०६३/२३५२ | २०६७/०१/०६ | रौतहट | मोहमद नुरुदिन | समि खाँ | /मोहमद हेदायत | फजुल रहमान खान |
| २८ | सन्तपुर | सेहरा खातुन | गुजरा-८, रौतहट | गुजरा-८, रौतहट | ३३-०२-७४-०६३३९ | २०७४/१२/२८ | रौतहट | मिर नौसाद | शेख हफिज | /मिर अब्दलु खैर | मिर नौसाद |
| २९ | सन्तपुर | सेरातुन नेसा | सिमरा भवानीपुर-७, रौतहट | गुजरा-८, रौतहट | ३२३०७१/३२७ | २०६४/०१/०५ | रौतहट | महमद जमसयद आलम | बन्हु मिया धुनिया | /शेख सैबुन | शेख रिजवान |
| ३० | सन्तपुर | सुनिता चौधरी | चन्द्रपुर-१०, रौतहट | चन्द्रपुर-१०, रौतहट | ३२२०८०/२२३४ | २०७३/११/०९ | रौतहट | संजय चौधरी | गनपत चौधरी | /कृष्ण नन्दन चौधरी | संजय चौधरी |
| ३१ | सन्तपुर | शोभा देवी | भलोहीया-०९, रौतहट | चन्द्रपुर-५, रौतहट | ३२१०१६/१०९ | २०६६/०६/०७ | रौतहट | रामबाबु गोसाई | विन्दा गोसाई | /विश्वनाथ | रामबाबु गोसाई |
| ३२ | सन्तपुर | सीता देवी | धरमपुर-०१, रौतहट | चन्द्रपुर-५, रौतहट | ३२-१-६९-६८७६ | २०६९/०९/१२ | रौतहट | दामोदर साह कलवार | दमबर साह | /लक्ष्मी साह कलवार | दामोदर साह कलवार |
| ३३ | सन्तपुर | प्रमोद प्रसाद पटेल | पिपरीया दोस्तीया-३, रौतहट | गरुडा-७, रौतहट | ५४०४ | २०६४/०१/१३ | रौतहट | पिँकी कुमारी पटेल | जयनारायण प्रसाद जैसवाल | मटुटक राउत | पिँकी कुमारी पटेल |
| ३४ | सन्तपुर | किरण कुमार दास | कटहरीया-१, रौतहट | कटहरीया-१, रौतहट | ३२-०१-७४-०४७६३ | २०७४/०६/२९ | रौतहट | अविवाहित | भोला दास तत्मा | रामचन्दर दास | तुनिया देवि |
| ३५ | सन्तपुर | गोविन्दे दास | भसेडवा-६, रौतहट | भसेडवा-६, रौतहट | ३२१०६४/१८३२ | २०६८/०७/०९ | रौतहट | सिता देवि | रामेश्वर दास | ब्रहम देव दास | सँन्तोस कुमार दास |
| ३६ | सन्तपुर | विजय दास तत्मा | भसेडवा-६, रौतहट | भसेडवा-६, रौतहट | ३२-०१-७१-०७१८७ | २०७१/१२/०५ | रौतहट | अनिता दास | लक्ष्मी दास | गनेश दास | गोविन्दे दास |
| ३७ | सन्तपुर | गर्भि देवि | रंगपुर-५, रौतहट | रंगपुर-५, रौतहठ | ३२३०६२/१२०३ | २०६४/०१/१३ | रौतहट | रामा खा थारु | राम जि खा थारु | नथुनि खा थारु | रामा खा थारु |
| ३८ | सन्तपुर | जाहारा खातुन | कनकपुर-१, रौतहट | कनकपुर-१, रौतहठ | ३२३०६३/६ | २०६३/११/२७ | रौतहट | शेख अबदुल हक | शेख अव्कस | /शेख हरुण | शे. मोमताज |
| ३९ | सन्तपुर | नागिन्द्र महरा | सन्तपुर म.-६,रौतहट | सन्तपुर म.-६,रौतहट | ३२३०८१/९३५ | २०६३/१२/२० | रौतहट | अंजिता कुमारी महरा | गगन महरा | परसन महरा | अंजिता कुमारी महरा |
| ४० | सन्तपुर | जोगिन्द्र दास तात्मा | भसेडवा-६, रौतहट | भसेडवा-६, रौतहट | २५४१ | २०६२/०८/२४ | रौतहट | दुलारी देवी | असर्फी दास तात्मा | राम धानी दास तत्मा | दुलारी देवी |
| ४१ | सन्तपुर | विष्णुमाया रहपाल | रंगपुर-५, रौतहट | रंगपुर-५, रौतहट | ४९ | २०६२/०४/०९ | रौतहट | भरत विश्वकर्मा | वल बहादुर कामी | /रौदि कामी | भरत विश्वर्मा |
| ४२ | सन्तपुर | हस्मतारा खातुन | सिमरा भवानीपुर-७, रौतहट | सिमरा भवानीपुर-७, रौतहट | ३२३०७१/९२१ | २०६४/०१/१० | रौतहट | शेख कासिम | शेख मराजुल | /शेख मोवाली | प्रेवज अलाम |
| ४३ | सन्तपुर | नुन तारा खातुन | सिमरा भवानीपुर-६, रौतहट | सिमरा भवानीपुर-६, रौतहट | ३२३०७१/१८१ | २०६४/०१/०४ | रौतहट | अवास मँसुरी | सलिय मिया धुनिया | /वलिस मिया मँसुरी | अवसा मँसुरी |
| ४४ | सन्तपुर | महेश सहनी | मलाहि-८, रौतहट | मलाहि-८, रौतहट | १५६६ | २०४५/१२/२३ | रौतहट | सुगन्धि देवि | राजदेव सहनी | व्युला सहनि | पारस सहनि |
| ४५ | सन्तपुर | सुमित्रा कुमारी राम | सन्तपुर म.-६, रौतहट | सन्तपुर म.-६, रौतहट | ३२२०८१/७४३ | २०६९/०६/०९ | रौतहट | बिन्देश्वर महरा चमार | हिरालाल महरा चमार | /खहेरु महारा चमार | बिन्देश्वर महरा चमार |
| ४६ | सन्तपुर | विरेन्द्र महरा | सन्तपुर म.-६, रौतहट | सन्तपुर म.-६, रौतहट | १३९४ | २०५८/१०/१७ | रौतहट | पर्वतीया देवी | गुदर महरा | दिलचन राम | पर्वतीया देवी |
| ४७ | सन्तपुर | उषा कुमारी ठाकुर | चन्द्रपुर-३, रौतहट | चन्द्रपुर-५, रौतहट | ३२२०८०/३२३० | २०७२/०२/१० | रौतहट | विनोद चौधरी | राम विश्वास ठाकुर | /शिउनाथ ठाकुर | विनोद ठाकुर |
| ४८ | मौलापुर | धनमन्ती देवी | गरुडा-०७, रौतहट | गरुडा-०७, रौतहट | ३२-०६-७६-०२६७० | २०७६/१०/२७ | रौतहट | अवध लाल राउत | साहेब लाल राउत कुर्मी | /ब्रहमदेव राउत | अवध लाल राउत |
| ४९ | मौलापुर | कान्ति देवी | पिपरीया(दो)-०३, रौतहट | गरुडा-०७, रौतहट | ५४४३ | २०६४/०१/१३ | रौतहट | उदित बैठा | भागरीत बैठा | /असर्फी बैठा | उदित बैठा |
| ५० | मौलापुर | फुला देवी | परोहा-४, रौतहट | परोहा-४, रौतहट | ३२-०१-७५-०६७३० | २०७५/०६/२३ | रौतहट | मुकेश प्रसाद पटेल | जलन्धर प्रसाद कुर्मी | /नरेन्द्र प्रसाद | श्रीमती नितु कुमारी |
| ५१ | मौलापुर | सतिया कुमारी | गरुडा-०७, रौतहट | गरुडा-०७, रौतहट | ३२-०१-७५-०१६३५ | २०७५/०५/२५ | रौतहट | रघुनाथ राउत कुर्मी | टैट राउत कुर्मी | /भविसन राउत | रघुनाथ राउत कुर्मी |
| ५२ | मौलापुर | सम्पतिया देवी | समनपुर-०८, रौतहट | गरुडा-०७, रौतहट | ३२१०८९/८४२१ | २०६६/०३/२४ | रौतहट | निर्सु राय यादव | राम एकवाल राय यादव | /महेन्द्र राय | श्रीमती नितु कुमारी |
| ५३ | मौलापुर | गान्धि पटेल | पिपरीया(दो)-०४, रौतहट | गरुडा-०७, रौतहट | ३२-०१-६९-०८२१६ | २०६९/११/२१ | रौतहट | धिरीज कुमार पटेल | टैट राउत कुर्मी | /राम सोगारथ राउत | धिरीज कुमार पटेल |
| ५४ | मौलापुर | मिना कुमारी देवी | पिपरीया(दो)-०१, रौतहट | गरुडा-०७, रौतहट | ५४२६ | २०६४/०१/१६ | रौतहट | राम शरण महरा | अमिचन महरा | /खहेरु म्हरा | राम शरण महरा |
| ५५ | मौलापुर | जयमाला देवी | बौधिमाई-०२, रौतहट | बौधिमाई-०२, रौतहट | ३२-०१-७६-०६१४५ | २०७६/०६/१३ | रौतहट | विरबहादुर महरा चमार | शिव महरा चमार | /सुकदेव महरा चमार | विरबहादुर महरा चमार |
| ५६ | मौलापुर | शारदा देवी | इनर्वा-०३, रौतहट | बौधिमाई-०२, रौतहट | ३२३०३७/५०१ | २०६३/१२/२४ | रौतहट | सुकाई माझी | रामधारी माझी मुसहर | /छठु माझी | सुकाई माझी |
| ५७ | मौलापुर | सिमादेवी | इनार्वा-०३, रौतहट | बौधिमाई-०२, रौतहट | ३२/३/०३७/१४ | २०६३/१२/२१ | रौतहट | प्रमोद राउत कुर्मी | उपेन्द्र राउत कुर्मी | /जगत राउत कुर्मी | प्रमोद राउत कुर्मी |
| ५८ | मौलापुर | नगिना देवी | इनर्वा-०४, रौतहट | बौधिमाई-०२, रौतहट | ३२-०१-७३-०१९७९ | २०७३/०२/२७ | रौतहट | विनोद महतो नुनिया | जगरुप महतो | /मोहन महतो नुनिया | विनोद महतो नुनिया |
| ५९ | मौलापुर | सुकन देवी | इनर्वा-०१, रौतहट | बौधिमाई-०२, रौतहट | ३२/३/०३७/१३ | २०६३/१२/२१ | रौतहट | अमिका राउत कुर्मी | जनक राउत कुर्मी | /मुख लाल राउत | अमिका राउत कुर्मी |
| ६० | मौलापुर | मिना देवी कुमी | इनार्वा-०४, रौतहट | बौधिमाई-०२, रौतहट | ३२/३/०३७/२५७ | २०६३/१२/२३ | रौतहट | बेनी राउत कुर्मी | कइल राउत | /सिमरित राउत कुर्मी | राजु प्रसाद पटेल |
| ६१ | मौलापुर | दिपेन्द्र प्रसाद पटेल | अजगैवी-०९, रौतहट | बौधिमाई-०१, रौतहट | ३२१०३८/३८९६ | २०६५/०६/२९ | रौतहट | कंचन राउत | राम बहादुर राउत | /राम सुरत राउत | कंचन राउत |
| ६२ | मौलापुर | शुसिला देवी | तेजापाकड-०२, रौतहट | परोहा-०३, रौतहट | ३२३०४३/४८७ | २०६३/१२/०७ | रौतहट | बनारसी ठाकुर | गान्धी ठाकुर | /रामश्रेय ठाकुर | बनारसी ठाकुर |
| ६३ | मौलापुर | आरती देवी | इनार्वा-०३, रौतहट | बौधिमाई-०२, रौतहट | ३२-०१-७७-०२१८९ | २०७७/०६/२७ | रौतहट | सजिन्द्र राउत कुर्मी | कामेशवर राउत | /रामईश्वर राउत कुर्मी | सजिन्द्र राउत कुर्मी |
| ६४ | मौलापुर | जानकी देवी | इनार्वा-०४, रौतहट | बौधिमाई-०२, रौतहट | ३२३०३७/५७८ | २०६३/१२/२२ | रौतहट | किशोरी राउत कुर्मी | महेश राउत कुर्मी | /सोना राउत कुर्मी | किशोरी राउत कुर्मी |
| ६५ | मौलापुर | रोकैदिन खातुन | पिपरीया(दो)-०३, रौतहट | गरुडा-०७, रौतहट | ५५६४ | २०६४/०१/१४ | रौतहट | गुलाबी मिया धोबी | फतिङ मिया धाबी | /भोला मिया धोबी | गुलाबी मिया धोबी |
| ६६ | मौलापुर | याबी बिल नेसा | पिपरीया(दो)-०३, रौतहट | गरुडा-०७, रौतहट | ५३४४ | २०६४/०१/१४ | रौतहट | अजिज मिया धाबी | अब्दुल मिया | /भाला मिया धोबी | अजिज मिया धाबी |

# संस्थागत विद्यालयलाई ७ दिनभित्र विवरण बुझाउन निर्देशन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले नगरभित्र सञ्चालनमा रहेका सबै संस्थागत विद्यालयलाई आवश्यक शैक्षिक तथा प्रशासनिक विवरण ७ दिनभित्र पेश गर्न निर्देशन दिएको छ ।

नगर कार्यपालिकाअन्तर्गतको शिक्षा, युवा तथा खेलकुद विकास शाखाले सूचना जारी गर्दै नगर शिक्षा समितिको चैत ३० गतेको निर्णयअनुसार विद्यालयहरूलाई आवश्यक कागजातसहित विवरण बुझाउन भनेको हो । सूचनाअनुसार विद्यालयहरूले आफ्नो वर्गीकरण, शुल्क निर्धारण तथा शैक्षिक सत्र २०८३ का लागि



लागू हुने सम्पूर्ण शुल्क संरचना स्पष्ट रूपमा पेश गर्नुपर्नेछ । वर्गीकरणका क्रममा संस्थागत विद्यालय मापदण्ड निर्देशिका–२०६१ तथा विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि–२०८१ अनुसार आफू कुन वर्गमा पर्ने हो भन्ने आधार खुलाउनुपर्ने उल्लेख गरिएको छ ।

त्यसैगरी कक्षा १ देखि १२ सम्म प्रयोग हुने पाठ्यपुस्तक, पाठ्यसामग्री तथा सिकाइ सामग्रीको विस्तृत विवरण पनि पब्लिकेशनको नाम र ठेगानासहित अनिवार्य रूपमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ । शाखा प्रमुख अन्जु पाण्डेय द्वारा जारी सूचनामा तोकिएको समयसीमाभित्र विवरण नबुझाउने विद्यालयमाथि आवश्यक कारबाही गरिने चेतावनी दिइएको छ । उपमहानगरपालिकाले विद्यालय शुल्क व्यवस्थापनमा पारदर्शिता कायम गर्ने तथा शैक्षिक सामग्रीको स्पष्टता ल्याउने उद्देश्यले यस्तो कदम चालिएको जनाएको छ ।

# सरकारी कार्यालयमा सांसद झाको आकस्मिक अनुगमन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा क्षेत्र नं. ३ का प्रतिनिधि सभा सदस्य मनिष झाले शुक्रबार जनकपुरधामका प्रमुख सरकारी कार्यालयहरूको आकस्मिक अनुगमन गरेका छन् ।

अनुगमनका क्रममा उनले यातायात व्यवस्था कार्यालय, मालपोत कार्यालय र नापी कार्यालयमा पुगेर सेवा प्रवाहको अवस्थाबारे प्रत्यक्ष जानकारी लिएका थिए । कार्यालय परिसरमा उपस्थित सेवाग्राहीहरूसँग संवाद गर्दै सांसद झाले कर्मचारीको कार्यशैली, सेवा दिने प्रक्रिया र लामो समयदेखि चर्चामा रहेको बिचौलिया सक्रियताप्रति चासो व्यक्त गरेका थिए । प्रत्यक्षदर्शीका अनुसार अनुगमन टोली पुगेको थाहा पाएपछि कार्यालय वरिपरि रहेका बिचौलियाहरू भागाभाग भएका थिए ।

सेवाग्राहीहरूले सामान्य कामका लागि समेत अतिरिक्त रकम मागिने, अनावश्यक झन्झट सिर्जना गरिने र बिचौलियाको प्रभावका कारण सेवा लिन कठिनाइ हुने गुनासो गरेका थिए । यसप्रति प्रतिक्रिया दिँदै सांसद झाले सेवा प्रवाहमा देखिएको विकृति तत्काल अन्त्य गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका छन् । 'जहाँ नागरिकले सहज रूपमा सेवा पाउनुपर्छ, त्यहीँ बिचौलियाको दबदबा हुनु गम्भीर विषय हो,' उनले भने, 'अब यस्ता गतिविधि नियन्त्रणका लागि कडा कदम चाल्नुपर्छ ।'

उनले कर्मचारीलाई पारदर्शी र जिम्मेवार ढंगले काम गर्न निर्देशन दिँदै सेवाग्राहीलाई कुनै समस्या परे आफूलाई प्रत्यक्ष जानकारी गराउन आग्रह गरेका छन् । सांसद झाले आगामी दिनमा यस्ता अनुगमनलाई निरन्तरता दिने र सुधार नदेखिए थप कडा कदम चाल्ने चेतावनीसमेत दिएका छन् ।

# धरान चतरा सडकमा बढ्दो दुर्घटना दुई जनाको मृत्यु




**मधेशदृष्टि**
**हेटौँडा ।**
हेटौँडाबाट पूर्वी मकवानपुर हुँदै सिन्धुलीबाट धरान जाने धरान चतरा सडक पछिल्लो समय दुर्घटनाको केन्द्रविन्दु बन्ने गरेको छ । शुक्रबार मात्रै भएको दुई छुट्टाछुट्टै दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । दुर्घटनामा ७ जना घाइते भएको छ ।

शुक्रबार दिउँसो हेटौँडा–१८ भक्तिचोकस्थित धरान चतरा सडक खण्डमा दुर्घटनामा नाम ठेगाना नखुलेका ३६ वर्षीय पुरुषको निधन भएको हो । हेटौँडाबाट फुर्केचौर गइरहेको ना३९प ३७५ नम्बरको मोटरसाइकल र हेटौँडा आइरहेको बाप्र०३–००५ प ७२१९ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाँदा परिचय खुल्न बाँकी भएका पुरुषको मृत्यु भएको हो । दुर्घटनामा मकवानपुर, बागमती–६ का ४० वर्षीय अन्त बहादुर बिसी, हेटौँडा–१८ का ३५ वर्षीय राजु थिङ, ७२१९ नम्बरको मोटरसाइकल चालक हेटौँडा–१८ का ३८ वर्षीय सूर्यमणि खतिवडा, १२वर्षीय प्रशान्त वाइबा घाइते भएका थिए । पाँचैजनालाई हेटौँडा अस्पताल ल्याइएकामा परिचय नखुलेका पुरुषको मृत्यु भएको हो ।

यस्तै, यही मार्गमा शुक्रबार दिउँसो भएको अर्को दुर्घटनामा मकवानपुरको बागमती–७ का ४० कि चिनीमाया रुम्बाको मृत्यु भएको छ । मकवानपुरको बागमती–७ पाथिभरास्थित मदन भण्डारी लोक मार्गमा रोकिराखेको ना२ह ४५९२ नम्बरको अटोलाई हेटौँडाबाट ताप्लेजुङ जाँदै गरेको प्र–३–०१–०२३च ३०८१ नम्बरको कारले ठक्कर दिँदा दुबै सवारी साधनमा रहेकाहरु घाइते भएकामा उपचारक्रममा रुम्बाको मृत्यु भएको हो ।

कार चालक काठमाडौँ गोकर्णेश्वर–६ का ३५ वर्षीया सुजना लामा, अटो चालक मकवानपुर बागमती–८ का २५ वर्षीय यमन राई र अटोमा सवार बागमती–७, शान्तिपुरका ११ वर्षीय सुबिन पुलामी मगरको हेटौँडाको चुरेहिल अस्पतालमा उपचार भइरहेको छ । पछिल्लो समय यो मार्गमा दुर्घटना अत्यधिक हुने गरेको छ ।

# धनुषामा बेपत्ता वृद्ध मृत फेला अत्यधिक मदिरा सेवनबाट मृत्यु भएको आशंका



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको बटेश्वर गाउँपालिका–४ अन्तर्गत बाँसघारी क्षेत्रमा एक वृद्ध पुरुष मृत अवस्थामा फेला परेका छन् । मृतक स्थानीय करिब ६० वर्षीय जगतबहादुर थापा रहेको प्रहरीले पुष्टि गरेको छ ।

शुक्रबार बिहान करिब ९ बजेतिर स्थानीयवासी जगदीश रविदासको बाँसघारीमा थापाको शव देखेपछि प्रहरीलाई खबर गरिएको थियो । घटनास्थल पुग्दा उनी निष्प्राण अवस्थामा रहेको बताइएको छ ।

परिवारका अनुसार थापा बुधबार साँझदेखि घरबाट सम्पर्कविहीन भएका थिए । उनका छोरा अमित थापाले हराउनु अघि उनले मादक पदार्थ सेवन गरेको जानकारी दिएका छन् ।

घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगर बाट प्रहरी टोली खटिएको थियो ।

प्रारम्भिक अनुसन्धानमा संलग्न प्रहरी निरीक्षक राजाराम यादवका अनुसार अत्यधिक मदिरा सेवनका कारण मृत्यु भएको हुन सक्ने आशंका गरिएको छ ।

प्रहरीले घटनाको वास्तविक कारण पत्ता लगाउन थप अनुसन्धान अघि बढाएको जनाएको छ ।

# जजक आरोपी युवक दुई हप्तासम्म पक्राउ परेनन्

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको सखुवा प्रसौनी गाउँपालिकामा १२ वर्षीया नाबालिगमाथि जबरजस्ती करणीको आरोप लागेका दुई जना युवक घटना भएको १७ दिन भईसक्दा पनि पक्राउ परेका छैनन्। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार डोकैला बहुअरीस्थित एक विद्यालयका २६ वर्षीय शिक्षक रूपेश यादव र २० वर्षीय लड्डु यादवविरुद्ध उक्त आरोपमा मुद्दा दर्ता भएको छ। गत चैत १७ गते बालिकालाई ललाइफकाइ विभिन्न स्थानमा लगेर उनीहरुले जबरजस्ती करणी गरेको पिडित नाबालिकाले बताएकी छन्।

घटनापछि चैत १८ गते पीडित परिवारले शरीर बन्धक तथा जबरजस्ती करणीसम्बन्धी मुद्दा दर्ता गराएको थियो । स्वास्थ्य परीक्षणपछि घटनाको पुष्टि भईसकेपछि अनुसन्धान अघि बढाइएको भए पनि मुख्य आरोपीहरू अझै फरार रहेका छन्। गम्भीर प्रकृतिको घटनामा संलग्न आरोपितहरू लामो समयसम्म पक्राउ नपर्नुले सुरक्षा निकायको कार्यक्षमतामाथि प्रश्न उठाएको छ । प्रहरीले फरार रहेका दुवै व्यक्तिको खोजी कार्य जारी रहेको जनाएको छ।

# ५० करोड़ सम्मको उद्योगको दर्ता र नियमन अधिकार प्रदेशलाई दिन जोडदार माग



**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम।**
मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री कनिष पटेलले संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा औद्योगिक क्षेत्रसँग सम्बन्धित महत्वपूर्ण विषयहरू उठाउँदै औपचारिक पत्र बुझाएका छन्। उक्त पत्रमार्फत संघीय कानुनले प्रदेशलाई दिएको अधिकार पूर्ण कार्यान्वयन गर्न तथा उद्योग प्रशासनलाई प्रदेशमै केन्द्रित गर्न जोड दिइएको छ।

संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४(२) अनुसार उद्योग दर्ता, नियमन तथा प्रशासनसम्बन्धी अधिकार प्रदेशबाटै प्रभावकारी रूपमा लागू गर्नुपर्ने उल्लेख गरिएको छ। प्रदेश औद्योगिक व्यवस्थापन ऐन, २०७७ अनुसार उद्योग दर्ता, सञ्चालन र व्यवस्थापनका सम्पूर्ण कार्य प्रदेशबाटै सञ्चालन हुने व्यवस्था सुदृढ गर्न पनि माग गरिएको छ । साथै, ५० करोड रुपैयाँसम्म स्थिर पूँजी भएका मझौला उद्योगहरूको दर्ता, नवीकरण र प्रशासनसम्बन्धी अधिकार प्रदेश सरकारलाई दिनुपर्नेमा मन्त्री पटेलले जोड दिएका छन्।

वीरगंज–पथलैया औद्योगिक करिडोरमा बढ्दो प्रदूषणप्रति चिन्ता व्यक्त गर्दै क्रसर उद्योगहरूबाट हुने वातावरणीय असर नियन्त्रणका लागि कडा अनुगमन र प्रभावकारी कारबाहीको माग गरिएको छ । सिसरिया लगायत नदी क्षेत्रमा भइरहेको प्रदूषणको स्थलगत अनुगमन गरी दोषी उद्योगहरूमाथि कारबाही गर्न संघीय समन्वय आवश्यक रहेको पत्रमा उल्लेख छ । सेवा प्रवाहलाई सहज बनाउन उद्योग प्रशासनसँग सम्बन्धित फाइल तथा अभिलेख प्रदेश सरकार मातहत हस्तान्तरण गर्नुपर्ने विषय पनि उठाइएको छ।

यसैबीच, कृषि प्रदेशको रूपमा चिनिने मधेशमा कृषककेन्द्रित औद्योगिक विकासलाई प्राथमिकता दिँदै वीरगंजस्थित कृषि औजार कारखाना पुनः सञ्चालनका लागि प्रदेश सरकारलाई जिम्मेवारी दिनुपर्ने माग समेत गरिएको छ । मन्त्री पटेलले मधेश प्रदेशको औद्योगिक विकास, वातावरण संरक्षण तथा आर्थिक समृद्धिका लागि यी मागहरू कार्यान्वयन अपरिहार्य रहेको विश्वास व्यक्त गरेका छन्।

# 'समृद्ध मधेश' नामक पुस्तक विमोचन



**मधेशदृष्टि**
**वीरगंज ।**
अधिकतम् खुद्रा मूल्य सम्बन्धी विषयमा केन्द्रित बृहद छलफल तथा 'समृद्ध मधेश' नामक पुस्तक विमोचन कार्यक्रम शुक्रबार वीरगंज उद्योग वाणिज्य सङ्घको सभाहलमा सम्पन्न भएको छ ।

छलफलमा पर्सा जिल्लाका विभिन्न कारोबारमा संलग्न आयातकर्ताहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

सहभागीहरूले नेपाल सरकारले हालै सार्वजनिक गरेकोसूचनालाई १५ दिनभित्र कार्यान्वयन गर्न व्यवहारिक रूपमा कठिन हुने धारणा व्यक्त गरेका थिए । छोटो समयसीमाभित्र लागू गर्न खोज्दा व्यवसायीहरूमा अन्योल सिर्जना भएको उल्लेख गर्दै सरकार र निजी क्षेत्रबीच सहकार्य र संवाद आवश्यक रहेको बताए ।

यसैबीच, नेपाल उद्योग वाणिज्य महासङ्घ मधेश प्रदेशका निवर्तमान अध्यक्ष अशोक टेमानीद्वारा लिखित 'समृद्ध मधेश' पुस्तकको समेत विमोचन गरिएको थियो । उक्त पुस्तकमा मधेश प्रदेशको समग्र विकास, लगानीका सम्भावना तथा नीतिगत मार्गचित्रबारे विस्तृत रूपमा समेटिएको छ । यसअघि सो पुस्तक जनकपुरमा आयोजित कार्यक्रममा मुख्यमन्त्रीद्वारा विमोचन गरिएको थियो ।

# जानकी नवमीमा 'नवयुगी सिया' बहुभाषिक कविता गोष्ठी आयोजना हुँदै




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जानकी नवमीको अवसर पारेर 'नवयुगी सिया' शीर्षकमा बहुभाषिक कविता गोष्ठी तथा पुस्तक संवाद कार्यक्रम आयोजना गरिने भएको छ।

कार्यक्रम नेपाल प्रज्ञा प्रतिष्ठान को सभाहल, काठमाडौंमा हुने आयोजक वैदेही मिडियाले जनाएको छ।

आयोजकका अनुसार गत वर्ष सम्पन्न पहिलो संस्करणले व्यापक सकारात्मक प्रतिक्रिया पाएको थियो। सोही उत्साहलाई निरन्तरता दिँदै यस वर्ष कार्यक्रमको दोस्रो संस्करण थप व्यवस्थित रूपमा आयोजना गर्न लागिएको हो।

कार्यक्रमको मुख्य उद्देश्य तराई–मधेश क्षेत्रका विविध मातृभाषालाई प्राथमिकता दिँदै बहुभाषिक साहित्यिक वातावरण सिर्जना गर्नु रहेको छ । यसमार्फत भाषिक विविधताको संरक्षण र प्रवद्र्धनमा योगदान पु¥याउने अपेक्षा गरिएको छ।

गोष्ठीमा युवा कवि तथा साहित्यकारलाई आफ्ना सिर्जना प्रस्तुत गर्ने अवसर प्रदान गरिनेछ भने वरिष्ठ स्रष्टाहरूका चर्चित र कालजयी रचनासमेत वाचन गरिने जनाइएको छ।

कविता वाचनमा सहभागी हुन इच्छुक स्रष्टाहरूलाई आफ्नो संक्षिप्त परिचय पठाउन आग्रह गरिएको छ । सहभागी हुन चाहनेहरूले सार्वजनिक टिप्पणी वा निजी सन्देशमार्फत आफ्नो विवरण उपलब्ध गराउन सक्नेछन् । आयोजकले यस कार्यक्रममार्फत बहुभाषिक सहभागिता विस्तार गर्दै मधेशका विभिन्न मातृभाषाको संरक्षणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन